२०५८
सहमति
(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

# सहमति सन्देश

वर्ष १२, अङ्क २, पूर्णाङ्क ३९ (Year 12, Vol. 2, Issue 39 ) माघ/फागुन, २०७४ / Feb. 2018, SAHAMATI SANDESH

# वित्तीय समावेशीता विशेष

## संस्थागत भनाई

समुदायको सामाजिक, आर्थिक, साँस्कृतिक एवं राजनीतिक रुपान्तरण र सशक्तिकरणमा सरकारसँगै समुदाय, नीजि क्षेत्र र सहकारीहरुको योगदान महत्वपूर्ण रहिआएको सर्वविदितै छ । नेपाली अर्थतन्त्रलाई चलायमान राख्दै सरकारले राखेको समग्र आर्थिक सामाजिक समृद्धि सबै वर्ग, क्षेत्र र समुदायको भूमिका र सहअस्तित्वसहितको योगदानविना कल्पना पनि गर्न सकिन्न । यसकारण पनि सबैले आआफ्नो स्थान र क्षेत्रबाट देश र समुदायका लागि आवश्यक समन्वय गर्दै सक्दो प्रयास गर्नु आजको आवश्यकता हो ।

यसै सन्दर्भमा नेपाली अर्थतन्त्रको एक महत्वपूर्ण हिस्साको रुपमा स्थापित हुन सफल सहकारी क्षेत्र र सोको कारण आम नागरिकमा आएको वित्तिय सचेतनाबारे चर्चा गर्नु यहाँ सान्दर्भिक लागेको छ । सहकारी विभागको तथ्यांक अनुसार हाल नेपालमा क्रियाशिल कुल ३४,५१२ सहकारीहरुमार्फत् कम्तीमा ३ खर्बको पूँजी प्रत्यक्ष रुपमा परिचालित भई राष्ट्रिय अर्थतन्त्रमा २० प्रतिशत योगदान पुगेका छ भने ६३ लाखभन्दा बढी सदस्य संगठित गर्दै ६० हजार बढी युवाहरुका लागि प्रत्यक्ष रोजगारी सिर्जना भएको छ । ४सहरहरुमा स्थापित केही सहकारीहरुका आलोच्य पक्ष रहँदारहँदै पनि यहाँ स्मरणीय कुरा के छ भने सहकारीहरुले महिला, दलित, जनजाति र विपन्न वर्गको आर्थिक सामाजिक सशक्तिकरणमा ठूलो योगदान दिएको कुरा कुल सहकारी सदस्यमध्ये ५२ प्रतिशत महिला संगठित र त्यसमा पनि जनजाति महिलाहरुको संख्या उल्लेख्य रहनुबाट पुष्टि हुन्छ भने ग्रामीण तहमा सञ्चालित सहकारीहरुले त गाउँको अर्थतन्त्रलाई क्रियाशिल, सन्तुलित एवं जिवन्त राखेको कुरा सबैले स्विकार्नुपर्दछ ।
सहमति विगत १७ वर्षअघिदेखी समुदायको जीविकोपार्जन सशक्तिकरण र गुणस्तरीय जीवनका लागि देशका विभिन्न जिल्लाहरुमा आन्तरिक तथा साझेदारी कार्यक्रममार्फत् विविध कामहरु गर्दैआएको छ । ती भिन्न भिन्न प्रकृति र विषयगत क्षेत्रका कार्यमध्ये सहकारिता प्रवर्द्धनका माध्यमबाट समुदायको आर्थिक सामाजिक स्तर अभिवृद्धिका लागि संस्थाले विभिन्न गतिविधि गर्दैआएको छ । हालसम्म संस्थाले ३०० भन्दा बढी सहकारीहरुलाई प्रवर्द्धनात्मक तथा संस्थागत क्षमता विकासको लागि सहयोग गरी ग्रामीण कुनाकन्दरामा ५ अर्ब बढी पूँजीको श्रृजना भईसकेको छ भने सहकारिता प्रवर्द्धन र विकासका माध्यमबाट राष्ट्रिय पूँजी निर्माणमा सानै भए पनि योगदान गर्नसकेकोमा गर्व लागेको छ । सहकारीता प्रवर्द्धनबाट छरिएर रहेको पूँजीको संकलन र ऋण परिचालन मात्र भएको छैन बरु यसबाट सयौं युवाहरुले प्रत्यक्ष रोजगारी पाउनुका साथै हजारौंको संख्यामा स्वरोजगारीको श्रृजना भएको छ । साथमा आयव्यय व्यवस्थापन, समग्र पारिवारिक वित्तिय व्यवस्थापन, आयमा स्तरोन्नति, पूँजीको समुचित प्रयोग र सोको परिचालनबारे सचेतनासमेत गाउँगाउँमा आएको छ । महिलाहरु, जनजाति, दलित, विपन्न र ग्रामीण समुदायको सबै किसिमका स्रोतमाथीको पहुँच र नियन्त्रणमा सुधार आएको छ भने देशमा भएको राजनीतिक परिवर्तनपश्चात् नयाँ बनेको संविधानसँगै सहकारीहरुमा आवद्ध महिलाहरु राजनैतिक तथा जननिर्वाचित प्रमुख भूमिकाहरुमा स्थापित हुनुले पनि सहकारी क्षेत्र आर्थिक सामाजिक साँस्कृतिकसँगै राजनीतिक सशक्तिकरण र रुपान्तरणका लागि पनि उत्तिकै महत्वपूर्ण रहेको कुरा पुष्टि हुन्छ ।



अर्कोतर्फ बैदेशिक रोजगारीमा गई नेपाली युवाहरुले श्रम गरेवापत देशमा भित्रिने रेमिटान्स रकम जम्मा गर्ने र सोको परिचालन, प्रयोग र व्यवस्थापनमा समेत सहकारीहरुको भूमिका बढ्दैगएको देखिन्छ । रेमिटान्स रकम अनुत्पादक क्षेत्रमा मात्र प्रयोग भएको छ भन्ने आम धारणा रहे पनि ग्रामीण तहमा अर्को विकल्प नभईसकेको अवस्थामा सहकारीहरुले आफ्नो क्षमताअनुसार सोको व्यवस्थापन र उत्पादनमूलक क्षेत्रमा प्रयोगका लागि आफ्ना सदस्यलाई अभिप्रेरित गरी वित्तिय चेतनावाहकको रुपमा भने राम्रो भूमिका खेलेका छन् ।

यसैगरी समग्र सहकारीकर्मी, वित्तिय क्षेत्रमा कार्यरत् संघसंस्था, सहकारी र आम अभियानकर्मीहरुका लागि अबको कार्यदिशा के हुने त भन्ने कुरामा स्पष्टताको पनि जरुरी देखिँदै गएको छ । सहकारीहरुको जोखिम वहन क्षमताको विकास गरी उत्पादनमूलक क्षेत्रमा वित्तिय सेवा केन्द्रित् गरी उद्यमशीलता विकास, कृषि र पशु उत्पादनको व्यवस्थित बजार विकास, भएका ग्रामीण उद्यमको स्तरोन्नति र उद्यमीको चाहनाबमोजिम व्यवसायिक रुपान्तरण, व्यवसायमा नयाँ प्रविधिको प्रयोग र मानवीय पूँजी निर्माणमा ध्यान दिनसके सहकारी क्षेत्रको दायरा अझ फराकिलो भई सरकारले राखेको समग्र राष्ट्रिय लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुग्नेछ ।

**होमनाथ सुवेदी**
**अध्यक्ष**

**यस अङ्कमा ......**

- विभिन्न कार्यक्रमहरुमा वित्तिय क्षेत्रमा भएका उपलब्धीहरुलाई समेटेर तयार गरिएका लेख तथा रचनाहरु ।
- हाल सञ्चालित साझेदारी कार्यक्रमहरुको मुख्य उपलब्धीहरु
- विभिन्न कार्यक्रमहरुको फोटो झलकहरु ।

## सहमति सन्देश

वर्ष–१२, अङ्क–२, पूर्णाङ्क–३९
(माघ/फागुन २०७४/Feb. 2018)

**संरक्षक**
होमनाथ सुवेदी
अध्यक्ष, सहमति

**सम्पादन**
करुणा सागर सुवेदी/कार्यकारी निर्देशक
सावित्री भण्डारी सापकोटा/कार्यक्रम अधिकृत

**संकलन तथा संयोजन**
रीता कुमाल

**विशेष सहयोगी**
विजय सुवेदी
सुन्दर बाबु बानिया
सुरेश पौड्याल
दीर्घमणि पोखरेल
सुवास देवकोटा
गोमादेवी लिम्बु
शम्भू राई
कुमारी लिम्बु
कमलराज राई
शम्भूराज पालुङवा
अजय ताम्राकार
केशर राई
रस्तधन राई

**प्रकाशन सहयोगी**
MERCY CORPS



**पत्राचार तथा सुझावका लागि**
**सहमति**
गैंडाकोट–५, नवलपरासी
फोन नं. : ०७८–५०२०९०, ५०२२७७, ५०२३७३
फ्याक्स : ०७८–५०२२७७
इमेल : sahamatico@gmail.com
info@sahamati.org
वेभसाइट : www.sahamati.org



**मुद्रण :**
शुभकामना अफसेट प्रेस
Shubhakamana Offset Press
शहीदचोक, नारायणगढ, फोनः ०५६–५७१७८५
इमेल : shubhakamana_press@yahoo.com


## सम्पादकीय.........

प्रत्येक नागरिकको वित्तिय सेवामा सहज पुहँच पुऱ्याई गुणस्तरीय जिविकोपार्जनलाई सुनिश्चितता प्रदान गर्नु नै वित्तिय समावेशीकरणको प्रमुख उद्देश्य हो । विश्व अर्थतन्त्रमा बढ्दो प्राथमिकताको क्षेत्रमा रहेको यो क्षेत्र नेपाल जस्तो विकासोन्मूख राष्ट्रको लागि अत्यन्तै अपरिहार्य रहेको महशुस गरिएको छ ।

विश्व बैंकको लक्ष्य अनुसार, सन् २०२० सम्ममा प्रत्येक नागरिकको औपचारिक वित्तिय प्रणालीमा पहुँच हुनुपर्नेछ । यसै लक्ष्यलाई मध्यनजर गर्दै नेपाल सरकारले साझेदारी निकाय मार्फत विभिन्न कार्यक्रमहरु गर्दै आईरहेको छ । नेपाल राष्ट्र बैंक, संयुक्त राष्ट्र संघिय पूजी विकास कोष (UNCDF), संयुक्त राष्ट्र संघिय विकास कार्यक्रम (UNDP) को जूलाई २०१६ मा प्रकाशित प्रतिवेदन अनुसार ६०% भन्दा बढी नेपाली नागरिकको औपचारिक वित्तमा पहुँच रहेको छ । यसै सन्दर्भमा, प्रत्येक घरधुरीको वित्तिय सेवामा पहुँच पुऱ्याउनु सरकारको आवश्यकता रहेको महशुस गरिएको छ । सामाजिक, आर्थिक क्षेत्रमा सुधार गर्दै सिङ्गो अर्थतन्त्रको कूल ग्राहस्थ उत्पादन (GDP) वृद्धि गर्न नेपाल सरकारको आ.व. ०७२/०७३ को बजेट कार्यक्रममा पनि नीतिगत सुधार गर्न ठोस कदम चालिएको पाईन्छ । वित्तिय संस्थाको विस्तार, मोवाईल वैंकिङ्गको प्रवर्द्धन र सहज पहुँच, विमा क्षेत्रको विस्तार, सरकारद्वारा सञ्चालित वित्तिय समावेशीता सम्बन्धी कार्यक्रमको निरन्तरता, कृषि क्षेत्रमा लगानी साथै वित्तिय साक्षरतालाई जोड दिएको छ ।


स–साना छरिएर रहेका ग्रामीण पूँजीलाई सामाजिक परिचालन र सहकारीको विकासमार्फत संगठित र एकिकृत गरी उत्पादकत्वको क्षेत्रमा परिचालन र सहकारीको विकास मार्फत गरिवी निवारण र स्थानीय स्तरको समग्र विकासमा सहमतिको भूमिका उल्लेख्य छ । यद्यपी हाम्रो सामु वित्तिय समावेशीकरण चुनौती बन्दै गईरहेको कुरा नकार्न सकिन्न । नेपालको कूल जनसंख्याको २१% जनता यद्यपी अनौपचारिक वित्तिय प्रणालीमा आवद्ध र निर्भर छन् भने १८% जनता कुनै पनि वित्तिय प्रणालीमा छैनन् । तसर्थ औपचारिक क्षेत्रमा आवद्धता सँगसँगै पूँजीको उत्पादकत्व बढाई ग्रामिण/सहरी विकासलाई बढावा दिई राष्ट्र निर्माणमा सहमति कटिवद्ध छ । प्राविधिक अन्वेषण र विकास/विस्तार मार्फत वित्तिय समावेशीताको विस्तारलाई अझै प्रगाढ र प्रभावकारी बनाउन हातेमालो गर्न र गर्दै आईरहेका सम्पूर्ण सरकार र साझेदारी निकायहरुप्रति आभार प्रकट गर्दछौं ।

यस अंकमा प्रकाशित रचना, सफल कथाहरु र सिकाईलाई संस्थागत र प्रसारमा योगदान गर्न प्रयासरत सम्पूर्ण मित्र र सुभेच्छुकप्रति कृतज्ञता प्रदान गर्दछौं ।

# बेसाहाराको साहारा बन्यो सहकारी

✍ गोमादेवी लिम्बु
सहकारी प्रवर्द्धन सुपरभाइजर, सहमति/सफल-II

तेह्रथुम जिल्ला फेदाप गाँउपालिका वडा न. ५ साविक ईसिबु गा.वि.स.वडा नं.-४ का वि.स २०४९ सालमा बुबा कालिबहादुर लिम्बू र आमा मनमाया लिम्बुको तेस्रो सन्तानको रुपमा जन्मिई हाल साविक सिम्ले गाविस वडा नं.-२ माझगाँउ निवासी श्रीमान् श्री राजदुत लिम्बुसँग मिति वि.स. २०६९ सालमा बिवाह गरी १ सन्तान सहित जीवनयापन गरिरहनु भएको छ २६ बर्षिय आशा फोम्बो लिम्बु । सानै उमेरमा भागी विवाह गर्नु भएकाले घरमा राम्रो व्यवहार थिएन, सधै झगडा हुने, हेला गर्ने, जस्ता कुराले आशाको जीवनमा निकै ठूलो समस्या उत्पन्न भएको थियो । वि.स २०७१ सालमा आशाको कोखबाट एउटा छोरीको जन्म भयो । २ जना बाट ३ जनाको परिवार भएपछि अझ जिम्मेवारी र समस्या थपियो अब के गर्ने ? घरमा बस्न राम्रो सम्बन्ध नभएको, छुट्टिएर बस्ने अवस्था नभएकाले का जाने ? के गर्ने ? के खाने ? नानीलाई के गरी पाल्ने भन्ने कुराले साह्रै सतायो । त्यसपछि उनिहरुले घरबाट छुट्टिएर बस्ने निर्णय गर्नुभयो तर कमाइ गरी खाने



जग्गा जमिनहरु केहि पनि नभएकोले उहाँहरु नजिकैको औशीबजारमा गएर अर्काको घर भाडामा लिएर बस्न थाल्नु भयो । बाच्नका लागि उहाँहरुले केहि व्यवसाय गर्ने निर्णय त गर्नु भयो तर कसरी गर्ने ? उहाँहरुसँग अलिकति पनि पैसा थिएन । उहाँहरुले साहुमहाजनबाट ३६ प्रतिशतका दरले ऋण लिएर सामान्य चिया, नास्ता बेच्न थाल्नुभयो । त्यसपछि पैसाको स्रोत खोजी गर्ने क्रममा उक्त बजारमा रहेको लघुवित्तहरुको समुहमा आबद्ध भएर ऋण लिएर आफ्नो व्यवसायमा विस्तार गर्न थाल्नुभयो र श्रीमानलाई पनि नजिकै रहेको म्याङलुङ्ग बजारमा कम्प्युटर सम्बन्धि तालिम लिन पठाउनुभयो । फोटो, फेटोकपी, स्क्यान, लेमिनेसन जस्ता काम पनि गर्न थाल्नु भयो । त्यति गर्दा दु:खले ३ जनाले खान, लाउन, साहुमहाजन र लघुवित्तको ऋण र ऋणको चर्को ब्याज तिर्न मात्र ठिक हुन्थ्यो ।



तर वि.स २०७३ साल श्रावण ९ गतेका दिन साविक सिम्ले गाविस भरी कार्यक्षेत्र तोकि मर्सिकोर नेपाल र सहमतिद्वारा सञ्चालित वित्तिय सेवा तथा जिविकोपार्जनमा दिगो पहुँच (सफल-क्ष्) परियोजनाको सहयोग तथा सहजिकरणमा फक्ताङलुङ्ग बचत तथा ऋण सहकारी संस्था लि. डिभिजन सहकारी कार्यलयमा दर्ता भयो । त्यस पछि नियमित रुपमा उक्त सहकारीले कारोकार गर्दै गयो र त्यस सहकारीका सञ्चालक समितिहरुले आशालाई पनि सहकारीको सदस्य भएर कारोबार गर्नु भनेर भन्दा सहकारीले थोरै मात्र ऋण लगानी गर्ने कुरा बुझ्नु भएपछि उहाँले सहकारीको सदस्य बन्न मन गर्नु भएन तर केहि समय पछि सहकारीले नियमित रुपमा आफ्नो कारोबार बढाउदै गएको, सहकारी सचेतना तालिम गरेको र उक्त तालिममा सहभागी भएर सहकारी सम्बन्धि धेरै कुराहरु थाहा पाएपछि उहाँ सदस्यता न.१२० को सहकारीको शेयर सदस्य बन्नु भयो । शुरुमा सहकारी सम्बन्धि केहि जानकारी नभएकोले सहकारीको शेयर सदस्य भएर कारोवार गर्न विश्वाश नलागेको, आशाले बिस्तारै कुरा बुझेपछि उहाँले सहकारीमा नियमित रुपमा मासिक बचत रु. १००।- का दरले गर्न थाल्नु भयो । उहाँको बचतको नियमिततालाई हेरी सहकारीले उहाँलाई रु. २०,०००।- (बिस हजार) ऋण उपलब्ध गरयो । त्यसमा आफ्नो पनि केहि रकम थप गरेर पहिले गरिरहनु भएको चिया नास्ताको व्यव्साय छाडेर कस्मेटिक पसल गर्न थाल्नु भयो । होटल व्यवसाय र कस्मेटिक पसलको अन्तर के पाउनु भयो भनि सोध्दा उहाँ भन्नु हुन्छ "होटल गर्दा बढी मेहनत गरिरहनु पर्ने हुन्छ तर पसल गर्दा त्यति खट्नु पर्दैन" उहाँ भन्नुहुन्छ ।

उक्त व्यवसायबाट भएको आम्दानीले सहकारीको ब्याज, ऋणको किस्ता र सहकारीमा बचत गर्न पनि पुऱ्याउनु भयो । उहाँले पहिले लिएको ऋणको ब्याज र साँवा समयमा नै तिरेको हुदाँ हाल पुन.रु ५०,०००।- हजार ऋण उपलब्ध भयो । पसलमा कपडाहरु र लेमिनेसन मेसिन खरिद गरी व्यवसाय विस्तार गरिरहनु भएको छ । अहिले उहाँले लघुवित्तहरुबाट ऋण लिन छाड्नु भएको छ भने बचत नियमित रुपमै गरिरहनु भएको छ । अनि किन लघुवित्तबाट ऋण नलिनु भएको भनेर सोध्दा आशा भन्नुहुन्छ "लघुवित्तमा ब्याजदर

*(बाँकी ७ औं पेजमा)*

# उत्थानशिल समुदायका लागि विमा कार्यक्रम

✍ सुबास देवकोटा
प्रबन्ध तथा वित्त अधिकृत, सहमति/TBR

उत्तरबाट दक्षिण हुँदै नेपालको विभिन्न भौगोलिक क्षेत्र हिमाल, पहाड र तराई हुँदै छिमेकी जिल्ला भारत वग्ने गण्डक (नारायणी) नदीले नेपालको प्राकृतिक सुन्दरता, विभिन्न आयस्रोत सिर्जनासँगसँगै नवलपरासी जिल्ला भारतको विहार क्षेत्र लगायत अन्य क्षेत्रमा वर्षेमै धेरै नै धनजनको क्षति न्यूनिकरण गरी बाढी प्रभावित क्षेत्रका समुदायलाई उत्थानशिल समुदायमा रुपान्तरण गर्ने उद्देश्य राखी सहमति र लुथरन वर्ल्ड रिलिफको साझेदारीमा सन् अप्रिल २०१५ देखि नवलपरासीको नारायणी नदी प्रभावित चार गाउँपालिका (विनयी त्रिवेणी, सुस्ता, प्रतापपुर र सरावल) मा नेपाल भारत सीमा उत्थानशिल समुदाय परियोजना सञ्चालनमा रहेको छ ।

परियोजनाले विगतका वर्षहरूमा पूर्व सूचना प्रणाली स्थापना गरी त्यसलाई संस्थागत गर्ने, विपद् व्यवस्थापन समितिहरु गठन गरी खोज तथा उद्धार, प्राथमिक उपचार, पूर्वसूचना कार्यदल सँगसँगै समुदायका अन्य मानिसहरुलाई तालिम प्रदान गर्ने, सुरक्षित आकस्मिक आश्रय स्थल, कल्भर्ट, सुरक्षित विकास र जिविकोपार्जन तर्फ कृषि तालिम, औजार, विउविजन सहयोग र परियोजना कार्यक्षेत्रका सक्रिय महिला-पुरुष सहकारीहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले व्यवसायिक योजना निर्माण, समूह व्यवस्थापन तालिमका साथसाथै कम्प्युटर, सेफ वक्स सहयोग गर्दै आएको छ ।

विगतको कार्य अनुभवको संस्थाको र परियोजनाको सिकाईको आधारमा उत्थानशिल समुदायमा रुपान्तरण गर्न परियोजनाले विमा सम्बन्धी कार्यक्रम लक्षित गरी आफ्नो क्रियाकलापहरु गरिरहेको छ । नेपाल भारत सीमा क्षेत्र, त्यस क्षेत्रमा परियोजनाले जीवन विमा, पशु विमा, वाली विमाको बारेमा किसानहरु र समुदायमा विभिन्न तालिम र अन्तर्क्रियाको कार्यक्रमहरु पनि गरिसकेको छ ।

विशेषगरी बाढी र त्यसबाट पर्ने असर न्यूनिकरण र समुदायको क्षति कम गर्न विमा कार्यक्रम कोशेढुङ्गा हुने निश्चित नै रहेको छ । विश्वमा व्याप्त प्राकृतिक स्रोतको दोहन, वनजंगल फडानी र ग्लोवल वार्निङ्गको कारणले बाढीको प्रकोप वर्षेनी बढ्दो रहेको छ । यदि बाढी प्रभावित क्षेत्रका समुदायहरुमा वेलैमा विपद् जोखिम न्यूनिकरण गर्न सक्ने क्षमता र त्यसका उपायहरु नअपनाउने हो भने त्यस क्षेत्रका समुदायको आर्थिक र सामाजिक विकास अझ पछाडी धकलिने छ । त्यसैले बाढी प्रभावित क्षेत्रका मानिसहरुले आफ्नो पशु, वाली र जीवन विमाका विभिन्न कार्यक्रममा सहभागी हुन आवश्यक रहेको छ । विमा सम्बन्धी कार्यक्रम नेपालमा नेपाल विमा संस्था अन्तर्गत विभिन्न विमा कम्पनीहरुले गर्दै आएका छन् । नवलपरासीको दक्षिणी भेग, परियोजनाको कार्यक्षेत्रमा विमा सम्बन्धी कार्यक्रम सञ्चालन गरेमा समुदायहरुलाई निम्न किसिमको आर्थिक संकटबाट जोगिने मौका मिल्नेछ ।

- बाढीको कारणले पशु, वालीको क्षतिको असर किसानलाई कम पर्नेछ ।
- जीवन विमामा मानिसहरु सहभागी हुँदा थोरै थोरै गरी भएको बचतले भविष्यमा ठूलो कार्यमा मद्दत पुग्नेछ भने यदि विमितको मृत्यु भएमा परिवारले सो वापत रकम प्राप्त गर्नेछन् ।
- पारिवारीक स्वास्थ्य विमाको कार्यक्रमले परिवारको कुनै सदस्य विरामी परेमा आईपर्ने आर्थिक संकटबाट मुक्ति मिल्नेछ ।



विमा कम्पनीहरुले विमा गर्ने बेलामा सजिलोसँग गरिदिने तर भुक्तानी गर्ने बेलामा दुःख दिने कुराहरु धेरै नै सुनिरहेको हुन्छ । त्यसकारण हरेक विमितले विमा गर्ने बेलामा निम्न कुराहरु पालना गरेमा पछि विमा दावी भुक्तानीमा झन्झट/दुःखबाट मुक्ति मिल्नेछ ।

- सहि विवरण मात्र उल्लेख गरी विमा फाराम भर्ने
- नविकरण गर्ने कार्य वेलैमा गर्ने
- स्वास्थ्य विमा दावी भुक्तानी गर्न सरकारले अस्पतालहरुमा उपचार गराई विल, भर्पाइ पेश गर्ने
- कृषि विमाको हकमा नम्वरी अथवा दर्तावाला जग्गामा खेती गरी सो को विवरण यथार्थ रुपमा बुझाउने ।
- पशु र कृषि विमाको हकमा सरकारले सिफारिस गरेका विउविजन र औषधीहरुको प्रयोग इमान्दारीपूर्वक पालना गर्ने ।
- विमा दावी भुक्तानी गर्दा घटना घट्ने वित्तिकै विमा संस्थानले तोकेको दिनभित्रै मागदावी गर्ने ।
- सरकारी तवर गा.पा, न.पा बाट गर्नुपर्ने मुचुल्का, सिफारिस, प्रमाणपत्र, घटना घट्ने वित्तिकै गराउने ।
- विमाको माग दावी पाउनको लागि विमा के, कसरी, कुन प्रकारको क्षति/दुर्घटना/नोक्सानको लागि गरिएको हो त्यस प्रकृतिको घटनामा मात्र दावी भुक्तानी पाईन्छ । विमालेखले रक्षावरण गर्ने जोखिमहरु:
  - आगलागी
  - विषालुपदार्थ सेवन
  - भूकम्प
  - रोग,
  - बाढी, डुबान, पहिरो र भू-स्खलन
  - आँधिवेहरी, असिना वा तुषारो
  - आकस्मिक दुर्घटनाजन्य बाह्य कारणहरु
  - अक्सिजनको कमी/एमोनियाबाट हुने नोक्सनी

  (जस्तैः एउटा भैंसी बाढीको असरबाट बच्नको लागि मात्र विमा गरियो तर गोठमा आगलागी भएर भैंसी मऱ्यो भने हामीले त्यस बेलामा विमा माग दावी गर्न सकिदैन)

**नवलपरासीको दक्षिणी क्षेत्रमा विमा कार्यक्रमको लागि चुनौतीहरु**

- विमा सम्बन्धीको कार्यक्रमको ज्ञान र फाइदाको बुझाईमा कमी ।
- विमा कम्पनीको झन्झटिलो दावी भुक्तानी प्रक्रिया ।
- समुदायका मानिसहरुमा विमा कार्यक्रम र भविष्यमा भुक्तानी फिर्ता पाउने कुरामा विश्वासको कमि ।
- किसानले खेती किसानी गरेका सबै जमिन दर्तावाला अथवा सरकारी जमिन नहुनु ।

*(बाँकी १५ औं पेजमा)*

# बिसौनी भयो महिलाहरूको सारथी

✍ शम्भु राई
सहकारी प्रवर्द्धन अधिकृत, सहमति/सफल-II

एकताका विसौनी महिला वचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष सुखमाया राईलाई आफ्नो संस्थालाई कसरी अगाडि वढाउने भन्ने सधैं चिन्ता लागिरहन्थ्यो । दर्ता पश्चात्को प्रारम्भिक साधारणसभाबाट अध्यक्ष वनेकी राईलाईसहकारी संस्थालाई फुलाउन, फलाउन गाह्रो मात्र होइन मेलोमेसो समेत थिएन । त्यस्तै चिन्ता व्यवस्थापक पवित्रा भुजेलमा पनि भईरहन्थ्यो ।

२०६७ साल पुष २३ गते डिभिजन सहकारी कार्यालय, धनकुटामा दर्ता भएको सो सहकारीले स्थापना पश्चात् लामो समयसम्म बचत, ऋणको वित्तिय कारोवार नगरी बसेको थियो । महिला विकास कार्यालय, भोजपुरको सक्रियतामा बनेका गाविसभित्रका ९ वटै वडामा महिला समुहलाई लक्षित गरेर जम्मा २५ जनाबाट गठन र दर्ता भएको सो सहकारी संस्था बिचमा समुहको सदस्यहरुको अविश्वासका कारण न त शेयर सदस्य वृदी नै भयो, न त भएका सदस्यहरुले नै नियमित बचत, ऋणको कारोवार नै गरे । नियमित वचत, ऋणको कारोवार सदस्यहरु आ-आफ्नै अनौपचारिक समुहहरुमा गर्ने गर्दथे । जसका कारण उक्त संस्थाले महिला विकास कार्यालय, भोजपुरले वीउ पुजि भनेर प्रदान



गरेको केहि रकम वाहेक सदस्यहरुवाट बचत, ऋणको कारोवार नभई झण्डै डेढ वर्ष सम्म संस्था त्यतिकै अवस्थामा गुज्रिरह्यो ।

आफ्ना शेयर सदस्यहरुले वचत ऋणको वित्तिय कारोवार नगरिरहेको अवस्था र शेयर सदस्य वृदि सोचे अनुकुल नभइरहेको अवस्थामा मर्सिकोर नेपालले नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लिमिटेड, नेफ्स्कून, वचत तथा ऋण सहकारी संघ लि, भोजपुर र सहमति नेपालसंको साझेदारीमा सञ्चालित प्रोमिस परियोजना, सूफल(१, सूफल(२ परियोजना सो गाविसमा पनि लागु भएपछि परियोजनाले गाविस भरीका महिला वचत ऋण समुहका पदाधिकारी तथा सदस्यहरुलाई सहकारी सम्वन्धि गोष्ठी सञ्चालन पश्चात् ९ वटै वडाभित्रको महिला समुहका सदस्यहरु सहकारीको अर्थ र महत्व वुझ्न थाले । तत्पश्चात् ती समुहका सर्म्पूण सदस्यहरु शेयर सदस्य बनि यस सहकारी संस्थामा



प्रवेश गर्न थाले । साथै सहकारीप्रतिको विश्वास बढेकोले वचत तथा ऋणको कारोवार पनि बढेका छन् । अहिलेसम्म सस्थाले आफ्ना सदस्यहरुलाई सिपमूलक तालिम, नेतृत्व विकास तालिम लगायत अन्य क्रियाकलाप सञ्चालन तथा संलग्न गरिरहेको व्यवस्थापक पबित्रा भुजेल वताउछिन् । परियोजनाको साथ सहयोगले यस संस्थाले अब भने काचुली फेर्दै जानेमा ढुक्क रहेको संस्थाका लेखा समिति संयोजक तुलसा दाहाल वताउछिन् । त्यस्तै संस्थाको विकास हुदै गइरहेकोमा खुसी वनेककी अध्यक्ष श्री सुख माया राई सम्पूर्ण महिला दिदि बहिनिहरुलाई यस संस्थामा आवद्ध भई आस्था र भरोसाको केन्द्रको रुपमा स्थापित गर्न सम्पूर्ण सरोकारवाला निकायहरुसंग सहयोगको लागि अनुरोध गर्नुहुन्छ । हाल यस सस्थाको दैनिक कार्यालय सञ्चालन हुनुको साथै बचत संकलन केन्द्र तोकि वचत तथा ऋणको कारोवार भइरहेको छ र आवश्यक ऋणको लागि साहु तथा वित्तिय संस्थामा धाउन नपर्ने यसै संस्थाबाट बढीमा रु.५०,०००।- देखि रु.६०,०००।- सम्म ऋण प्रतिव्यक्ति ऋण लगानी गरेको छ र जम्मा शेयर सदस्य ४४८ जना, सस्थाको कारोवार जम्मा रु.२८,२०,८७२।- पुगेको छ । यसरी सबैजना लागि परे र मन मिले असम्भव केही हुँदैन भन्ने कुरा बिसौनी साकोसका महिलाहरुले प्रमाणित गरिदिएका छन ।

## बेसाहारालाई .............

अत्यन्तै बढी अन्य सेवा शुल्कहरु बढी तिर्नु पर्ने भएकोले ऋण नलिएको" बताउनु हुन्छ । उहाँले अहिले आफ्नो व्यवसायबाट भएको आम्दानी तथा फाइदाबाट ३ जनाको परिवारलाई खान, लाउन, नानीलाई बोर्डिङ्ग पढाउन, घरभाडा तिर्न, विवाह गर्दाको ऋण तिर्न, श्रीमान् पढ्दाको ऋण तिर्न साथै अहिले विभिन्न समुह, संघ, संस्थामा बचत गरिरहनु भएको छ । उहाँले फक्तांलुङ्ग बचत तथा ऋण सहकारीमा उहाँको शेयर ७००० हजार, मासिक बचत रु.१००।- बाट बढाएर रु.३००।- का दरले गरी जम्मा रु.४,५००।- बचत गर्नुभएको छ । श्रीमानको शेयर ३०००, मासिक बचत रु.१००।- का दरले, नानीको जीवनसुरक्षा बचत मासिक ५०० का दरले र खुत्रुके बचत पनि गरिरहनु भएको छ । आफ्नो नाममा १ रोपनि पनि जग्गा नभएको आशाको परिवारलाई भविष्यमा के गर्नु हुन्छ भनि सोध्दा उहाँ भन्नुहुन्छ "व्यवसायबाट भएको आम्दानी साथै अन्य आम्दानीका स्रोतहरु पहिचान गरेर आम्दनी वृद्धि गरी पैसा जम्मा गरेर जग्गा किनी आफ्नै घर बनाएर यसै व्यवसायलाई विस्तार गर्ने विचार व्यक्त गर्नुहुन्छ ।" यहाँको उज्ज्वल भविष्यको कामना ।

# सहकारीले चन्द्रकलाको जीवनमा ल्याएको परिवर्तन

✍ कुमारी लिम्बु
सहकारी प्रवर्द्धन अधिकृत, सहमति/सफल-II



तेह्रथुम जिल्लाको आठराई गाँउपालिका वडा नं.-१, सक्रान्ति गाविस बस्ने बर्ष ३६ कि चन्द्रकला भण्डारी र दिपेश थपलियाको १ छोरी र १ छोरा सहित ४ जनाको मध्यम वर्गिय परिवार हो । उनीहरुको पुरानो घर चुहानडाँडा भएता पनि संक्रान्तिमा नै सानो व्यावसाय (पसल) गरेर बस्दथे । आम्दानीको श्रोत पर्याप्त नभएको कारण खान, लाउनलाई समस्या हुन्थ्यो । त्यसैले पनि दुई जनाको सल्लाह बमोजिम श्रीमान दिपेश थपलिया विदेश लाग्नुभयो गर्भवती श्रीमती र १ छोरीलाई छोडेर । श्रीमान विदेश गएपछि सबै व्यवहार सम्हाल्नु पर्ने, छोरीको रेखदेख पनि गर्नुपर्ने जिम्मेवारी चन्द्रकलाको काँधमा आईपऱ्यो, त्यतिमात्र नभएर आफु गर्भवती भएको अवस्थामा श्रीमानको माया र शिशुको लागि आवश्यक खानपिनको जरुरत पर्ने अवस्थाको व्यवस्थापन सबै आफैले गर्नुपर्ने भयो । एकदिन अचानक घरभित्र लडेर पाँचवटा करङ्ग भाचियो । डाक्टरको भनाई अनुसार गर्भवती अवस्थामा कुनै किसिमको औषधि प्रयोग गर्न नहुने अवस्थामा तुरुन्त विर्तामोडको मनमोहन अस्पतालमा उपचार भएको कुरा बताउनु हुन्छ । अनुमानित ८० हजार खर्च भयो । त्यसको छ महिनापछि भाईरल ज्वरो आयो धरान स्थित घोपा क्याम्पमा उपचारको लागि जानुपर्ने भयो भने जन्मेका छोराको पनि एक्कासि टाउको बढेर असहज



भएर आयो । यस्तो अवस्था भएपछि उनको श्रीमान दिपेश श्रीमति र छोराको उपचारको लागि बिदेशबाट फर्किए । छोराको उपचार गर्नुपर्ने अब आफुसँग भएको सम्पूर्ण सम्पत्ति पनि सकिएको बाँकि रहेको पैतृक सम्पत्ति वा अंश चुहानडाँडाको २१ रोपनी जग्गा २ लाख ९० हजारमा बेचेर उपचार गर्न लागे । काठमाण्डौ विर अस्पतालमा सिटि स्क्यान गरेपछि टाउकोको अपरेशन गरेर पानी निकाल्नु पर्ने भयो खर्च बढेर गयो । बच्चाको अवस्था चिन्ताजनक थियो । उनका श्रीमानले माया मारिसकेका थिए । तर साहसि चन्द्रकला भने आत्मविश्वासका साथ उपचारमा लागिरहिन र अहिले बच्चाको टाउको भित्र पाईप राखेको छ । उपचारको क्रममा करिव १० देखि १२ लाख खर्च भयो । अब दुई छाक खान हात मुख जोड्न समस्या भयो । एक त छोरा बाँच्छ बाँच्दैन भन्ने चिन्ता अर्कोतर्फ बिहान बेलुका छाक टार्नलाई समस्या । यत्तिकैमा श्रमकण बचत तथा ऋण सहकारी संस्था लि. मर्सिकोर नेपालको साझेदारमा सञ्चालित सफल परियोजना र बचत तथा ऋण सहकारी संघ, तेह्रथुमको सहयोगमा डिभिजन सहकारी कार्यालय, धनकुटामा विधिवत रुपमा दर्ता भई सक्रान्ति गाविसलाई कार्यक्षेत्र बनाई कारोबार शुरु भयो । उक्त सहकारी संस्थाको रु.१,०००।- मा शेयर खरिद गरी सदस्य बने । पुन: रु.९,०००।- थप गरी जम्मा रु.१०,०००।- को शेयर, बचत रु.१,३४,६२०। रहेको छ । उनको श्रीमान दिपेश थपलियाले पनि रु.११,४००।- को शेयर खरिद गरी सदस्य बनेका छन् र उनको नियमित बचत रु.४७,२८०। रहेको छ । चन्द्रकलाको छोरा र छोरीको पनि बाल बचत जम्मा रु.१७,२०६। रहेको छ । चन्द्रकलाले नियमित रुपमा बचत गरिरहिन् । उपचारको काम सकिएपछि सहकारीबाट उनीहरुले व्यवसाय सञ्चालन गर्नका लागि रु.१,००,०००।- ऋण लिएर किराना पसल शुरु गरे । केही समयको अन्तरालपछि चन्द्रकला र उनका श्रीमान् दिपेशले पुन: सहकारीबाट रु.१,००,०००।- ऋण लिएर अर्को ठाँउमा होटल व्यावसाय शुरु गरे । श्रीमतीले होटल व्यवसायमा र उनका श्रीमान् दिपेश किराना पसल गरेर जीविकोपार्जन गरिरहेका छन् । उनीहरुलाई समय र ग्राहकले पनि साथ दिएको छ । हाल ऋण चुक्ता गर्न २५,०००। मात्र बाँकि रहेको कुरा चन्द्रकला बताउछिन् । यसरी चन्द्रकलाको इमान्दारिता र नियमिततालाई विश्वास गरी सहकारी संस्थाले उनीहरुलाई नियमित रुपमा ऋण प्रदान गर्दै आएको छ । सहकारी संस्थाबाट लिएको ऋण पूँजीको रुपमा उपयोग गरी अहिले घर बनाउन सफल भएका छन् र उनीहरु दुवै जना संस्थाको उत्तरोत्तर प्रगति होस् र सफल र ईमान्दारी सदस्यलाई सेवा पुऱ्याउनु नै संस्थाको मुल मर्म रहेको वताउनु हुन्छ । अन्त्यमा श्रमकर्ण सहकारीप्रति कृत्यज्ञता प्रकट गर्दछु ।

## हार्दिक बधाई तथा शुभकामना



सहमति संस्थाको संस्थागत विकासमा पुऱ्याउनु भएको योगदानको उच्च मुल्यांकन गर्दै संस्थाको १९ औं बार्षिक साधारण सभाबाट **'सहमति व्यक्तित्व'** बाट सम्मानित हुनु भएका **श्री प्रेमसागर सुवेदीज्यूलाई** हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**सहमति परिवार**

# बंगुरबाट लाख कमाउँदै डल्लीमाया

✍ कमलराज राई
सहकारी प्रवर्द्धन सुपरभाइजर, सहमति/सफल-II



बुबा मोतीवीर राई र आमा दुर्गीमाया राईको कोखबाट वि.स. २०२८ सालमा डल्लीमाया राईको जन्म संखुवासभा जिल्ला दिदिङ गा.वि.स. वडा नं.-३ इम्चोडमा भएको हो । बुबाआमा निरक्षर भएकै कारणले आफूले त्यो बेलाको समयमा पढ्न नपाएको उहाँको भनाई छ । जति पढ्न खोज्दा पनि गाँउमा छोरी चेलीले पढ्यो भने बोक्सी हुने जस्ता विभिन्न अन्धविश्वासले गर्दा आफू पनि त्यसकै शिकार हुन पुगेको वताउनुहुन्छ । घरको काम र गाईवस्तुको गोठाला हुदाँहुदै वि.स. २०४४ सालमा गाँउकै जंगबहादुर राईसँग लगन गाँठो कस्नु भएकी राईकी ३ छोरा र ५ छोरी गरी जम्मा ८ जना छोराछोरी रहेका छन् । गरिव परिवार त्यसमाथि धेरै सन्तान (३ छोरा, ५ छोरी) भएकाले घरपरिवार धान्न धौ धौ पर्थ्यो डल्लीमाया राईलाई ।

चेतनाको अभावले १६ वर्षको कलिलो उमेरमा बुबाआमाले विवाह गरिदिएपछि राईले वर्षै पिच्छे बच्चाहरु जन्माइन् । घरको पारिवारिक अवस्था धेरै नाजुक रहेकोले छोराछोरीको लालनपालन तथा शिक्षा दिक्षा दिन निकै संघर्ष गर्नु परेको बताउनुहुन्छ । साग सिस्नु खुवाएर बच्चाहरु



हुर्काएको राईले कमजोर आर्थिक अवस्थाकै कारण राम्रोसँग बालबच्चाहरुलाई पढाउन नसकेकोले छोराहरुले विचैमा पढाई छोडेको वताउनुहुन्छ । घरको बुबासँग खासै त्यस्तो कुनै सीप नभएकै कारण पनि बढि दुःख झेल्नुपरेको उहाँको भनाई छ । घरको सबै आर्थिक भार आफूले सम्हाल्नु पर्ने र आफूसँग नि खासै त्यस्तो बुद्धि विवेक नभएकोले साहुको ऋणले पारिवारिक अवस्था झनै संकटमा पुगेको उहाँको भनाइ छ ।

यस्तै समस्या र परिवारको आर्थिक संकटबाट गुज्रिदै जिवन निर्वाह गरिरहेको राईको परिवारमा गाँउमा सहकारीको स्थापनासँगै विस्तारै मुहार फेरिदै गएको देखिन्छ । सहकारीमार्फत विभिन्न किसिमको जनचेतना, तालिम तथा सचेतनामूलक कार्यक्रमहरु भयो त्यहाँ सहभागि हुने अवसर मिल्यो र म पनि सहकारीमा आबद्ध भएँ । सहकारीमा बचत गर्दै गएपछि मैले पनि सहकारीबाट २०,०००। ऋण लगेर वंगुर पाल्न शुरु गरें । त्यहि वंगुरले आज मेरो परिवार यो अवस्थासम्म आईपुग्ने मुख्य श्रोत बनेको छ । उहाँको खोरमा अहिले धेरै वंगुर छैन, शुरुमा ६ ओटा बंगुर लगाउनुभएको राईको बंगुर खोरमा अहिले १ वटा मात्र बंगुर माउ छ । अरु सबै वेचिसक्नु भएको राईले अहिले त्यहि माउ वंगुरले वार्षिक १ एक लाख देखि १ लाख पचास हजारसम्म आम्दानी हुने वताउनुहुन्छ । सो वंगुरको माउले ६/६ महिनामा बच्चा जन्माउने गर्छन् । एक पटकमा कम्तीमा ५० देखि ६० हजारको आम्दानी हुने बताउनुहुन्छ । बंगुरबाट आएको आम्दानीले पहिले साहुको ऋणमा गएको जग्गा फिर्ता लिएको तथा थप जग्गा जमिन जोडेको बताउनुहुन्छ । जसले गर्दा पहिले सहकारीमा मासिक रु ५०।- रुपैया मात्र बचत गरेकी राईले अहिले मासिक २०० देखि ५०० सम्म नियमित बचत गर्ने गरेको बताउनुभयो । उहाले सहकारीबाट पटक पटक ऋण ल्याईराख्नु हुन्छ । पछिल्लो पटक मर्सिकोर नेपाल र सहमति सँस्था बीचको साझेदारीमा सञ्चालित सफल-२ परियोजनाको सहयोग अन्तर्गत फूलबारी महिला बचत तथा ऋण सहकारी सस्थाले आयोजना गरेको वित्तीय साक्षरता तालिम लिएपछि आज उहाँलाई व्यवसाय गर्न थप उर्जा मिलेको बताउनुहुन्छ । सो तालिम पश्चात् उहाँले २०७३ मंसिर महिनामा रु १,००,०००।- ऋण लिई थप आफ्नो व्यवसाय विस्तार गर्न लाग्नु भएको वताउनुहुन्छ । बंगुरपालन गर्दा त्यति धेरै चिन्ता लिईराख्नु नपर्ने उहाँको भनाई छ । पाठापाठीको माग नजन्मिनु अगावै भइहाल्ने हुँदा विक्री नहुने डर पनि नरहेको बताउनुहुन्छ । तर पाठापाठीहरु स्याहार गर्नमा भने अलि ध्यान पुऱ्याउनुपर्ने बताउनुहुन्छ । बंगुर विरामी भएको बेला चाहिने आश्यक औषधी तयारी अवस्थामा सधै राखेको बताउनुहुन्छ ।

वि.स २०६२ साल ९ महिना १४ मा सहकारी डिभिजन कार्यालय धनकुटामा दर्ता गरिएको श्री फूलबारी महिला बचत तथा ऋण सहकारी सँस्था लि. ले हाल करिब कुल २६ लाखको आर्थिक कारोबार गरिरहेको छ । सहकारी आफ्नै गाँउमा र घर नजिक भएकोले पनि आफू प्राय सहकारी सँस्थामा दिनहु पुग्ने गरेको बताउनुहुन्छ । पहिले साहु महाजनसँग वोतलमा रक्सी तथा अन्य कोशेली लिएर ऋण माग्न जाँदा समेत साहुले नपत्याएर ऋण पाउन गाह्रो भएको अनुभव सुनाउदै सहकारीमा इमान्दार तरिकाले ऋण चलाइयो भने पटक पटक ऋण पाउन कुनै गाह्रो नभएको बताउनुहुन्छ । अहिले सहकारीले गर्दा त्यस्तो परिस्थिती समेत विस्तारै हराउदै गएको उहाँले सुनाउनुहुन्छ । साथै सहकारीप्रतिको मोह महिलाहरुमा मात्र नभएर सबैमा बढेको राईले बताउनुहुन्छ ।

# बहुमुखि पसल संचालन गर्दै ग्राहकको मन जित्दै

✍ शम्भु राई
सहकारी प्रवर्द्धन अधिकृत, सहमति/सफल–II

अर्थशास्त्रको भाषामा हेर्ने हो भने यदि कुनै पनि व्यवसाय गर्दा समय परिस्थिती र ग्राहकको माग अनुसारको वस्तुहरु उत्पादन अथवा वितरण गर्न सकियो भने अवश्य पनि त्यस्ता व्यापार व्यवसायहरु कालान्तरसम्म टिक्न सक्छ भन्ने कुरा प्रमाणित गर्ने व्यवसायी हुन् इन्दिरा, वर्ष ३३ की उनी २ सन्तानकी आमा हुन् उनी एक छोरा, एक छोरी र श्रीमान सहित ४ जनाको परिवारमा उनी विगत ६ वर्षदेखि



सिद्धेश्वर दाँवामा कस्मेटिक, किराना र फेन्सी पसल व्यवसाय गर्दै आईरहेकी छिन ।

सर्वप्रथम उनले आफ्नो व्यवसाय आफ्नै स्वलगानीमा १० लाखमा उक्त पसल शुर गरेकी उनी सिद्धेश्वर बचत तथा ऋण सहकारी संस्थामा शेयर खरिद गरी सदस्य २९२ का शेयर बनेकी थिइन, त्यसपछि उनले उक्त सहकारी संस्थामा शेयर सदस्य भईकन उनले दैनिक बचत स्वरुप रु. ५००।- बचत गर्थिन र उक्त संस्थाबाट उनले कयौं पटक लाखौं रुपियाँ ऋण लिएर व्यवसायमा लगानी गरी ऋण चुक्ता गरेकी थिइन । हाल अनले संस्थाबाट १ लाख रुपैया ऋण लिएकी छिन ।



हाल उनले आफ्नो पसलमा रु २० लाख भन्दा बढी लगानी गरेको छिन । उनले उनको कस्मेटिक पसल, फेन्सी पसल, किराना पसलबाट उनले मासिक १ लाखभन्दा बढिको सामान बिक्री गर्छिन र दैनिक उनले रु.५,०००।- सम्मको सामानहरु बिक्री वितरण गर्दछिन र पसल व्यवसायबाट उनले खुद आम्दानी रु. २०,०००।- भन्दा बढी गर्दछन ।

एकै प्रकृतिको पसल व्यवसाय किन नगर्नु भएको भन्दा उनी भन्छिन, एकै प्रकारको व्यवसाय गर्नु भन्दा नि ग्राहकको इच्छा र आकांक्षा अनुसार आवश्यकता अनुसार वस्तु एउटै पसलबाट उपलब्ध गराउन सके ग्राहकलाई समयको बचत पनि हुने र सवै प्रकारको वस्तुहरु एउटै पसलबाट बेच्न सके उक्त पसलप्रति ग्राहकको आकर्षण बढ्दै जाने भन्ने हेतुले र मुख्य कुरा ग्राहक तान्नको निमित्त बहुमुखि पसल व्यवसाय गर्दै आएको कुरा उनले बताइन । उनले भनिन यदि ग्राहकको माग, समय र परिस्थिति अनुसारको व्यवसाय सञ्चालन गरियो भने उक्त व्यवसायहरु पछि सम्म स्थायी हुने कुरा बताइन ।

## हार्दिक बधाई तथा शुभकामना



श्री डिल्लीराज पौडेल



श्री सोबित भण्डारी



श्री मनमाया बोटे

सहमति केन्द्रीय कार्यालयमा वित्त तथा प्रशासकीय अधिकृतको रुपमा कार्यरत **श्री डिल्लीराज पौडेलज्यू**, सहमति र मर्सिकोर नेपाल बीचको साझेदारीमा सञ्चालित **"सफल-२ कार्यक्रममा"** मा वित्त अधिकृतको रुपमा कार्यरत **श्री सोबित भण्डारीज्यू** तथा सहमति अध्ययन केन्द्रमा कुकको रुपमा कार्यरत **श्री मनमाया बोटेज्यू**ले संस्थाको संस्थागत विकास एवम् कार्यक्रमको उद्देश्य तथा लक्ष्य प्राप्तिमा पुऱ्याउनु भएको योगदानको उच्च मुल्यांकन गर्दै संस्थाको १९ औं साधारण सभामा **'उत्कृष्ट कर्मचारी'** को रुपमा पुरस्कृत हुनु भएकोमा वहाँलाई बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**सहमति परिवार**

# ईन्द्रकुमारीको गाईपालन साथै सुन्तला खेती अनि व्यवसायिक सफलता

✍ शम्भुराज पालुङवा
सहकारी प्रवर्द्धन सुपरभाइजर, सहमति/सफल–II

सुन्तलाको बगान बिचमा एउटा घर रहेछ । हेर्दै मनमोहक । भौगोलिक रुपमा विकट क्षेत्र भएपनि समय सान्दर्भिक र भुगोलानुकुलको कृषि प्रणाली अपनाए मात्र परिश्रमको उचित प्रतिफल प्राप्त गर्न सकिदो रहेछ । पाँचथरको सुदुर दक्षिणी क्षेत्र मिक्लाजुङ गाउपालिका वडा नं.-५ साविक कुरुम्बामा स्थायी बसोबास गर्दै आउनुभएकी पारुहाङ साकोषकी सदस्य ईन्द्रकुमारी लावती हालैमात्र राष्ट्रियस्तरको राष्ट्रपती उत्कृष्ट कृषक पुरस्कारबाट पुरस्कृत हुनुभयो । यति धैरै कृषकहरुको माझमा कसरी उहाँ नै उत्कृष्ट कृषक बन्नुभयो त ? उहाँको सफलताको कथा उहाँकै अनुसार.......



वि.सं. २०३२ साल मंसिर २२ गते पाँचथरको साविक सराङडाँडा-७ मा सन्तकुमार र पञ्चमाया शेर्माको कान्छी छोरीका रुपमा जन्म लिनु भएकी ईन्द्र कुमारीको बाल्यकाल अशिक्षा र गरीवीको चपेटामा बित्दै थियो । उ बेला सामान्य शिक्षा लिदै गर्दा उनको २ वटा घर भयो एउटा माईत, अर्को पराई । पराई घरमा सासु ससुराका ३ भाई छोराहरुमध्ये कान्छा छोरा सुरेश कुमार लावती उहाँको जीवनसाथी हुनुभयो ।

विवाहपछिको घरमा पनि आर्थिक अवस्था नाजुक हुँदै थियो भने यता कान्छी बुहारी भएकै कारण घरको जिम्मेवारी उहाँको थाप्लोमा पर्दै थियो । त्यतिकैमा १ छोराको आमा बन्नु भयो ईन्द्र कुमारी । सुत्केरी अवस्थाको केही दिनको फरकमा नै सासुससुरा बित्नुभयो । दाजुभाई छुट्टिए अंशबण्डा भयो अनि उनको भागमा पऱ्यो जम्मा २९ बोट सुन्तला ।

अझ आर्थिक समस्याले गाज्दै गर्दा २०५८ सालको अन्त्य तिर उहाँको श्रीमान साहुको चर्को ब्याजमा ऋण लिई खाडी मुलुक साउदी अरब जानु पर्ने बाध्यता भयो । नभन्दै केही समयपछी परिवारको खुसी सुख शान्तिको मिठो कल्पना गर्दै विरानो देश लाग्नुभयो । केही बर्षहरु बिते...... । तर जे सपना बोकेर विदेशिएका हुन त्यो पटक्कै भएन बरु उल्टै विदेशमा ठगिए, भनेको जस्तो काम पाउनु भएन । यता घरमा एक नाबालक बच्चालाई काखी च्याप्दै मेलापात गर्दै ईन्द्र कुमारी साहुलाई आज भन्दै भोली भन्दै ऋणको भाका लम्ब्याउदै थिईन । जसो तसो गुजारा चल्दैथियो ।



त्यतिकैमा उहाँले थाहा पाउनुभयोकी पारुहाङ साकोषद्वारा वित्तिय साक्षरता कक्षा चल्दैछ । त्यसपछी त उहाँ उक्त कक्षामा सहभागी हुदै सहकारीमा आबद्ध हुनुभयो । अनि भन्नुभयो "त्यस पछि त खै के भो मेरो घर व्यवहारमा व्यापक परीवर्तन भो मैले त अझ धेरै कुरा सिके । आम्दानी, खर्च, बचत, व्यवसाय विविधीकरण विस्तार धेरै धेरै.......।"

त्यसपछी उहाँले व्यवसायिक रुपमा सहकारीबाट ऋण लिई गाईपालन र सुन्तला खेती थाल्नु भयो । गाईपालनबाट प्रशस्तै फाईदा लिन थाल्नु भयो नजिकैको डेरीमा दुध बेच्दै सहकारीको ऋण पनि चुत्ता गर्नुभएको बताउनुहुन्छ । उक्त गाई फामबाट उत्पादित गाईको मल सुन्तला खेतीको लागि अझ उपयुक्त हुने कुरा पनि उहाँ बताउनु हुन्छ । यसरी सुन्तला खेतीमा पनि उहाँको धेरै लगाव देखिन्छ । यसरी उहाँ आफै भन्नुहुन्छ "धेरै त होईन.. बार्षिक रुपमा म ४ देखि ५ लाख सम्मको



सुन्तला र सुन्तलाको नर्सरी बेच्दै आएकी छु र यसरी प्राप्त भएको आम्दानीले श्रीमान्को वैदेशिक ऋण पनि तिरीसकेको छु.....।."

यसरी सफल कृषक बनेर गाउँ कै नमुना कृषक बन्नुभएकी ईन्द्र कुमारी राष्ट्रियस्तरको राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार-२०७४ बाट पुरस्कृत हुनुभएको छ । यसरी पुरस्कृत हुदाँ राज्यले साँच्चै नै आफ्नो मेहनतको कदर गरेको भन्दै खुसी व्यक्त गर्नुहुन्छ । भौगोलिक रुपमा विकट क्षेत्र भएपनि समय सान्दर्भिक र भुगोलानुकुलको कृषि प्रणाली अपनाए मात्र परिश्रमको उचित प्रतिफल प्राप्त गर्न सकिदोरहेछ भन्ने प्रेरणा उहाँबाट प्राप्त हुन्छ ।

## सहकारीको सहयोगमा व्यवसाय वृद्धिमा सहयोग

✍ केशर राई

सहकारी प्रवर्द्धन अधिकृत, ताप्लेजुङ, सहमति/सफल–II



मिङमा शेर्पा, वर्ष ३०, ताप्लेजुङ नगरपालिका ७ का स्थायी वासिन्दा हुन । जन्मजात अपाङ्ग उनी सामान्य किसान परिवारमा जन्मेका हुन । घरपरिवारको ३ दाजुभाई र २ वहिनी मध्ये माईला छोरा निज मिङमाको आजभन्दा ९ वर्ष अगाडी निमलामु शेर्पासँग विवाह वन्धनमा वाधिए । विवाह पश्चात् एक छोरा र एक छोरीको जन्म भएपछि विस्तारै घर व्यवहार वाँधिन थाले । शारिरीक असक्तताका कारण कृषि कार्यमा संलग्न हुन गाह्रो हुने हुँदा घर व्यवहारलाई धान्नको लागि ३ वर्ष अगाडी घर सल्लाहमा श्रीमतीसँग ताप्लेजुङ नगरपालिका वाड नं.-७ वहानन्दे चोकमा होटल सञ्चालन गर्ने निधोमा शेर्पा दम्पती पुगे ।

होटल सञ्चालनको लागि शेर्पा दम्पतीसँग खासै पर्याप्त पूँजी थिएन तसर्थ घरको सानो पूँजीबाट होटल सञ्चालन गर्न थाले । पर्याप्त पूँजीको अभावमा होटलवाट खासै आम्दानी लिन सकिरहेका थिएनन् । शेर्पा दम्पती केहि पूँजी जुटाएर होटल व्यवसायलाई थप विस्तार गर्न खोजिरहेका थिए । सहुलियत ऋणको खोजीमा जुटिरहेको वेलामा साविक दोखु गाविस हालको ताप्लेजुङ नगरपालिकामा कार्यक्षेत्र बनाएर वचत र ऋणको काम गरिरहेको शिलाजित वचत तथा ऋण सहकारी संस्थाको १ वर्ष अगाडी दुवै श्रीमान् श्रीमती सदस्य बनेर नियमित वचत गरिरहेकोले ऋणको लागि



रु.५०,०००।- आवेदन गरे । संस्थाले निज दम्पतीहरुको व्यवसाय हेरेर रु.४०,०००।- स्वीकृत गरी ऋण प्रदान गरे ।

सहकारीवाट प्राप्त ४० हजार ऋणलाई सदुपयोग गर्दै शेर्पा दम्पतीले होटललाई थप विस्तार गरी हाल दैनिक २ देखी ३ हजारसम्मको कमाई हुन थालेको वताउँछन् । सबै खर्च कटाएर मासिक २० देखी २५ हजार मुनाफा गरिरहेको वताउँछन । सो मुनाफावाट घरखर्च व्यवस्थापन लगायत छोराछोरीलाई नजिकैको न्यू मेची होराईजन वोर्डिङमा छोराछोरीलाई पढाईरहेका छन् । त्यस्तै दुवै छोराछोरीलाई शिलाजित साकोसमा वाल वचत, नेपाल लाईफ ईन्स्युरेन्समा जीवन विमा लगायत दुवै दम्पतीले मासिक ५००।- नियमित वचत सोहि शिलाजित साकोसमा गरिरहेका छन । आफूलाई होटल विस्तार गर्नलाई सहकारीले दिएको सहुलियत ऋणको कारण आम्दानी वृद्दि भएको निज मिङमा वताउँछन । व्यवसाय गर्न पूँजि चाहिने रहेछ आफूसँग चाहेजति नभएकोले धेरै दु:ख पाएको शिलाजित सहकारीले दिएको ऋणले ठूलो साथ भएको अनुभूति सुनाउँछन उनी । सो ऋण १ वर्षको लागि ४ किस्तामा लिएको हाल अन्तिम किस्ता बाँकि रहेको वताए ।

## 'दर्पण सहकारी संस्था प्रगति तर्फ लम्कदै'

✍ अजय ताम्रकार

उद्यम तथा सहकारी प्रवर्द्धन अधिकृत, सहमति/CBSRGC



वि.स. २०७२ साल असार ८ गतेका दिन ८ वटा महिला वचत समूहका १०० जना महिला दिदि बहिनिहरु मिलेर दर्पण महिला कृषि सहकारी संस्था लि. गठन गरियो । दलित सेवा संघ र प्लान इन्टरनेशनल नेपालको साझेदारीमा सञ्चालित स्वावलम्बि समूह तथा सहकारीको क्षमता अभिबृद्दि कार्यक्रम २ बर्ष भन्दा बढी सञ्चालनमा रहयो । सो समयमा २८६ जना सहकारीमा शेयर सदस्य बनेका थिए । त्यति बेला रु ५०/- मासिक वचत गर्दथे । दलित सेवा संघ सँगको साझेदारी कार्यक्रम सकिए पछि करिब १ बर्षको अन्तरालमा शेयर सदस्य बृद्दि हुनुको सट्टा घट्दो क्रममा रहयो । जसको फलस्वरुप सदस्य संख्या घटेर १४७ रहन पुग्यो । बाँकी रहेका सदस्यमा आधा भन्दा बढी सदस्यले वचत गर्न छाडे । त्यति बेलाको स्थितिको सम्झना गर्दै अध्यक्ष सुमित्रा चौधरी भन्नुहुन्छ " सहकारी आनो हो जस्तो लागेको थिएन ऋण लिनका लागि मात्र हो भन्ने लागेको थियो । त्यति बेला सहकारी कसरी हटाउने भन्ने भुत जागेको थियो ।"

सहकारी संस्थाको अवस्था अत्यन्त कमजोर रहेको समयमा २०७४ असारमा प्लान इन्टरनेशनल नेपाल र सहमति संस्थाको साझेदारीमा स्वावलम्बि समूह तथा सहकारीको क्षमता अभिबृद्दि कार्यक्रमको शुरुवात भयो । यस कार्यक्रम मार्फत विभिन्न चरणमा भएका छलफल, बैठक, तालिम तथा विभिन्न कार्यक्रमले सहकारीका महिला सहकारी अभियान कर्मि दिदि बहिनीहरुलाई अगाडि बढ्न मद्दत गर्‍यो । जसको परिणाम स्वरुप छोटो समयमा यस सहकारी संस्थामा ८०० जना शेयर सदस्य पुगेको छ । समूह संख्या १० वटा रहेकोमा ४१ पुगेकोछ, शेयरपूँजि रु १,७१,०००/- रहेकोमा ४,१७,९००/- पुगेको छ, वचत रकम रु ३,२१,०००/- रहेकोमा ७,३६,३४७/- पुगेको छ, ऋण लगानि रकम रु ४,९०,०००/- रहेकोमा रु ११,९७,५७७ /- पुगेको छ, ऋणी संख्या ६५ जना रहेकोमा ८७ पुगेको छ र कुल पूँजि रु ५,०१,०००/- रहेकोमा १३,०५,३५७ /- पुगेको छ ।

सहकारी संस्थाले वचत तथा ऋण निति निर्माण गरि कार्य सञ्चालन गर्न थाले पछि विभिन्न प्रकारका वचत मार्फत वचत संकलन हुन थालेको छ । ऋणको सिमा रु १०,००० /- वाट बृद्धि गरेर ४०,००० लगानी गर्न थालेको छ । सहकारी संस्थाको कार्यालय व्यवस्थापनमा निकै सुधार आएको छ । शेयर सदस्यवाट ऋण माग धेरै आएकोले नेपाल राष्ट्र बैंक ग्रामिण स्वावलम्बन कोषवाट कम व्याज दरमा रु २५,०००००/- कर्जा लिनको लागि नेपाल राष्ट्र बैक नेपालगञ्ज शाखामा फाईल पेश गरेको छ ।

अध्यक्ष सुमित्रा चौधरी भन्नुहुन्छ "अब सहकारी हाम्रो हो पूँजि बृद्धि गरी आफै चल्न सक्ने बनाउँछौ साथै कसैले सहकारी चलाउन सक्दैनौ भन्ने कुरा गरे भने हामी कसैको कुरा सुन्दैनौ हामी आफै चलाउन सक्छौ भन्ने कुराको आत्मबल बढेको छ ।" अहिले दर्पण महिला कृषि सहकारी संस्था लि.का महिला सहकारी अभियानकर्मी दिदिबहिनीहरु आनो सहकारीलाई महिलाहरुको बैंक बनाउने दिशातर्फ अग्रसर छन ।

# सहकारी बन्यो व्यवसायको माध्यम

✍ गोमादेवी लिम्बू
सहकारी प्रवर्द्धन सुपरभाइजर, तेह्रथुम, सहमति/सफल–II

तेह्रथुम जिल्ला मेन्छ्यायेम गाँउपालिका वडा न.-२ साविक पौठाक गा.वि.स.वडा नं.-३ लाम्रीमा वि.स.२०५७ सालमा श्रीमान् गौरीप्रसाद दाहालसँग विवाह गरी १ छोरा १ छोरी, २ सासुससुरा गरी जम्मा ६ जनाको परिवारमा रहनु भएको छ कल्पना दाहाल । मोरङ्ग जिल्लाको गौरादहमा माईती रहेको कल्पना पहाडी क्षेत्रमा विवाह गरेर आउँदा गाउँघरमा खेतीपाती गर्नुपर्दा निकै कठिन महशुस भएको बताउनुहुन्छ । घर परिवारमा बुहारी भएर रहँदा अनि आम्दानीको स्रोतहरु केहि नभएको साथै मेलापात गएर आम्दानी भएको रकम पनि परिवारमा बुझाएर सासुससुरालाई खुसी पार्नु पर्ने बाध्यता रहेको बताउनु हुन्छ कल्पनाले ।

साविक पौठाक गा.वि.सलाई कार्यक्षेत्र बनाई वि.स २०६९ सालमा स्थापना भएको पौठाक बचत तथा ऋण सहकारी संस्था लि.को सदस्यता न.७१ रहेका शेयर सदस्य हुनुहुन्छ कल्पना दाहाल । सामान्य खेतिपाती र मेलापात गरी दिनचर्या बिताईरहनु भएको कल्पना दाहाललाई सहकारी खोल्ने भन्दै एकदिन केहि अगुवाहरु आएर नागरिकताको प्रतिलिपि र फोटो सहित केहि रकम मागेर लगे त्यसपछि मासिक बचत गर्नुपर्छ भनि मासिक रुपमै पैसा मागेर लाने गर्थे । सहकारीका बारेमा के बुझ्नु भएको थियो भन्ने प्रश्न गर्दा कल्पना भन्नहुन्छ "मलाई केहि थाहा थिएन सहकारी भनेको के हो ? सहकारी कहाँ खोलेको छ ? त्यहाँ को को छन् ? के गर्छन् ? केहि थाहा थिएन ति लगेको पैसा पनि कता लान्छन् पछि फिर्ता पनि दिदैनन् होला जस्तो लाग्थ्यो"

तर वि.स.२०७१ सालतिर मर्सिकोर नेपाल र बचत तथा ऋण सहकारी संघको साझेदारीमा सञ्चालित सफल परियोजनाको सहयोग तथा पौठाक बचत तथा ऋण सहकारीको आयोजनामा सञ्चालित वितिय साक्षरता कक्षामा सहभागी भई उक्त कक्षा लिएपछि सहकारी, वित्तिय सम्बन्धी धेरै ज्ञान सीप प्राप्त भयो । त्यसपछि कल्पनालाई विश्वास लाग्यो कि मेलापात गएर बचत भन्दै जम्मा गरेको रकम फिर्ता पाइने, सहकारीबाट ऋण पनि पाईने रहेछ र व्यवसाय गरी आम्दानी बढाउन पनि सकिने रहेछ । त्यसपछि कल्पनाले सहकारीको बारेमा अझ बढी चासो दिन थाल्नु भयो । कल्पनाले सहकारीबाट रु. १०,०००।- रुपैया ऋण लिएर पहिले गरिरहेको ढाका व्यवसायलाई अझ बढाउने विचार गर्नुभयो तर उक्त व्यसायबाट कम फाइदा र बढी परिश्रम गर्नु पर्ने भएकोले उहाँले व्यवसाय परिवर्तन गर्ने निर्णय गर्नुभयो र पहिलाको ऋण चुक्ता गरी पुन: दोस्रो पटक १०,०००।- ऋण लिएर अकबरे खुर्सानीको खेती गर्न थाल्नुभयो । उहाँले शुरुमा ५,०००।- को खुर्सानीको विरुवा राखेर खेती गर्न थाल्नुभयो भने रु.१,०००।- को विरुवा बिक्रि गरेर विरुवा लगाएको पहिलो वर्ष विरुवा र फल गरी लगभग रु.१५,०००।- जतिको आम्दानी भएको र उक्त आम्दानीले सहकारीबाट ल्याएको ऋण चुक्ता गरी अन्य घरायासी खर्च गरेको बताउनुहुन्छ कल्पनाले । उक्त विरुवाबाट दोस्रो पटक पनि पहिलो बर्ष भन्दा राम्रो फल उत्पादन भई करिब



२० देखि ३० हजारसम्म आम्दानी भएको बताउनुहुन्छ । खुर्सानी खेती बारे तपाईको अनुभव के छ भन्ने प्रश्न गर्दा उहाँ भन्नुहुन्छ "सहकारीले मलाई अवसर दियो उक्त अवसरलाई सहि रुपमा प्रयोग गर्दा राम्रो आम्दानी गर्न सफल भए, पहिले सहकारीमा रु.५०।- रुपैया बचत गर्न धौ धौ हुन्थ्यो अरुका लागि गरिदिए जस्तो लाग्थ्यो तर अहिले सहकारी बारे राम्रो जानकारी लिएपछि सहकारीबाट ऋण लिएर व्यवसाय गरी नियमित आम्दानी लिई सहकारीमा आफ्नो शेयर रकम थप गरेको साथै नियमित बचत वृद्धि गरी मासिक रु.२००।- गर्न थालेको, पहिले



आम्दानीको स्रोत केहि नभएको र व्यवसाय गर्न थालेपछि नियमित आम्दानी भई आफ्नो बचत गर्न, बच्चाहरुको लागि खर्च, घरमा आवश्यक अन्य खर्च गर्न सम्म पैसाको अभाव नभएको र आफ्नो व्यवसाय माथि पूर्ण सन्तुष्टि भई व्यवसाय अझ विस्तार गर्ने बताउनुहुन्छ कल्पना दाहाल । तर अन्त्यमा कल्पनाले भन्नुहुन्छ "यस खुर्सानी व्यवसाय गर्दा खुम्लेकिराले सताएकोले सम्बन्धित कृषि कार्यालयसँग समन्वय गरी तालिमहरुको व्यवस्था र उत्पादन भएको वस्तुहरुको प्रचारप्रसार तथा बजारको निर्धारण साथै सम्पर्क, समन्वय सहकारी संस्थाले गरिदिए भएका व्यवसायहरु अझ प्रभावकारी र सहकारीका शेयर सदस्यहरु साँच्चै सफल व्यवसायी बन्नेछन्" ।

# स्थानीय तहबाट कृषकको अपेक्षा

✍ सुन्दरबाबु बानिया
कार्यक्रम संयोजक, सहमति/LEP

करिव १९-२० वर्षको अन्तरालमा स्थानीय निकायमा जनप्रतिनिधि विहिनताको अवस्था २०७४ मा ३ चरणमा भएको स्थानीय तहको नयाँ संरचनागत ढाँचामा गरिएको निर्वाचनले बदलिएको छ । निर्वाचनका वेला हरेक स्थानीय तहका जनताको जिवनयापनका तौरतरिकामा व्यापक फेरवदल आउने आशा एवं भरोसा गराईएको थियो । हरेक राजनैतिक दलको भाषणको शव्दहरु र उनीहरुको लिखित घोषणा पत्रमा लेखिएका शव्दहरु त्यत्तिकै आशा लाग्दा थिए । चुनावताका सबै उम्मेदवार तथा नेता, कार्यकर्ताहरुले सबै भन्दा बढी बोल्ने गरेको शब्द भनेको सिंहदरवारको अधिकार अव गाउँ/स्थानीय तहमा नै आउँछ भन्ने थियो । यी र यस्ता आश्वासन निर्वाचनका समयमा आउनु स्वाभाविक नै हो । निर्वाचन भएर नतिजा आईसकेपछि जव विजेताहरु आ-आफ्नो कार्यथलोमा पुगे अथवा कुर्चीमा पुगे अव त्यो आश्वासन, त्यो भाषण र त्यो घोषणा पत्रमा खर्चेका शब्दहरु कार्यान्वयन गर्न फलामको चिउरा चपाए सरह भएको छ । यसमा दोष यो वा त्यो एउटा पक्षको मात्र छैन । हामी कुन र कति आश्वासन मात्र ग्रहण गर्ने भनेर हेक्का नराख्ने जनतादेखि केन्द्रिय राजनीतिमा रहेर एक अर्कोलाई जसरी भए पनि पछार्ने खालको राजनीति गरी राखेका नेताहरु सबैको उत्तिकै दोष छ । वास्तविक रुपमा विपन्न र मध्यम वर्गका जनताको जिविकाको सवाल अर्थात् हाम्रा स्रोत र साधनको अधिकतम सदुप्रयोग हुने गरी राज्य कोषको स्रोत परिचालन गराउने तर्फ ठोस ऐन, निति, नियमावली, रणनीति र योजना अझै पनि बन्न सकेको अवस्था छैन ।

वास्तवमा जनताहरुले सदियौंदेखि राज्यबाट आशा गरेको भनेको आफ्नो दैनिकी सहज सरल होस् भन्ने नै हो । अहिले स्थानीय तहको संरचनामा रुपान्तरण हुनुको अर्थ पनि पहिले राज्यबाट वितरण हुने स्रोत र सेवा केन्द्रिकृत र सवै लक्षित वर्ग/समुदायमा पुऱ्याउन नसकेको र त्यसलाई लक्षित वर्ग/समुदायसम्म सर्वसुलभ ढंगले पुऱ्याउनका लागि हो । यसै सन्दर्भमा अहिले स्थानीय तह अर्थात् सरकारको सबै तह र तप्काका आफ्ना जनतालाई सेवा, सुविधा र स्रोतमा पहुँच पुगोस् भन्ने ध्येय निश्चय नै छ । यति हुँदाहुँदै पनि कृषि र कृषकको पक्षबाट हेर्ने हो भने यसमा चित्त बुझ्दो काम अझै भईसकेको छैन । हुन त स्थानीय तहका पदाधिकारीहरु अहिले नै के भयो के भएन भनेर मुल्यांकन गरी हाल्ने बेला भएको छैन भन्ने भनाई राख्छन् । कम से कम स्थानीय तहमा जुन खालको प्रारम्भिक प्रयासहरु कृषि क्षेत्र र कृषकको हितमा आउनु पर्थ्यो त्यो भने बाँकी नै छ । अहिले हरेक गाउँपालिका, नगरपालिकामा पेशागत क्षेत्रको वाहुल्यता हेर्दा कृषि पेशा लेख्ने र कृषक भनेर परिचित गराउनेहरुको छ । यि कृषकहरुको स्थानीय तहबाट आफ्नो पेशागत सुरक्षा र सुदृढिकरणमा धेरै अपेक्षा रहेको छ । खासगरी स्थानीय तहमा कृषि ऐन र नीति निर्माण गर्दा स्थानीय हावापानी, माटो र विगतको खेती अभ्यासलाई ध्यान दिएर बनाउन र स्थानीय कृषि ऐन तयारीमा हरेक समुदाय/वार्डका कृषकहरुको सहभागिता गराई



नयाँ बन्ने कृषि ऐन र निति प्रति सबैको अपनत्व महशुस हुने गरी बनाईनुपर्दछ भन्ने अपेक्षा देखिन्छ । कृषि ऐन र नीतिको कार्यान्वयन गर्दा वास्तविक कृषकहरु भन्दा नाम मात्रका कृषकहरुको स्रोत र सेवामा पहुँच हावी हुने विगतको परम्परा नदोहोरियोस् भन्ने अपेक्षा पनि आम जनतामा रहेको छ । अवका दिनमा निर्वाहमुखी र परम्परागत खेती प्रणालीले युवा पुस्तालाई कृषि कर्मको मुल प्रवाहमा ल्याउन आवश्यक छ र जसको सुनिश्चितताको आशा, अपेक्षा अहिले नीति र योजना मार्फत नै गरियोस् भन्ने सबैको रहेको छ । वैदेशिक रोजगारी मार्फत हरेक घर परिवारमा भित्रिदै गरेको विप्रेषण वापतको रकमलाई कसरी कृषि पशुपालनतर्फ लगानी उन्मूख गराउने भन्ने तर्फ पनि ठोस् नीति, कार्यक्रम स्थानीय तहले ल्याउनु पर्नेतर्फ सचेत रहनु पर्दछ । स्थानीय तहले अति गम्भिर र संवेदशिल भएर सोच्नु पर्ने अर्को विषय हो खाद्यान्न/कृषि उत्पादनमा आफ्नो गाउँपालिका, नगरपालिकालाई कसरी आत्मनिर्भर बनाउने भन्ने पनि हो । जसका लागि पहिलो काम भनेको आफ्नो क्षेत्रमा कुन उत्पादनको परिमाण हाल कति छ माग कति हो? पूर्ति कति छ ? र अपुग कति छ ? आयात कति छ ? जस्ता कुरामा स्पष्ट तथ्याङ्क हुनु जरुरी छ र त्यसकै आधारमा स्थानीय तहको कृषि नीति र कार्यक्रम बनाउनु पर्नेमा अलमल गरिनु हुँदैन । अर्को कृषि क्षेत्रमा आत्मनिर्भर हुने अठोट र प्रतिवद्धताका लागि कार्यविभाजन उत्तिकै जरुरी छ । सबै काम एउटा गाउँपालिका/नगरपालिकाका प्रमुखको जिम्मामा मात्र हुनु हुदैन । हरेक वार्ड तहदेखि नै वास्तविक कृषक र कृषक समूहहरुको सञ्जाललाई बलियो र अधिकार सम्पन्न बनाईनुपर्दछ । यसले सिङ्गो गाउँपालिका र नगरपालिका स्तरमा तिनै तल्लो तहका कृषक/कृषक समूहहरुको हक हितमा काम गर्ने सबैलाई न्यायोचित ढंगले स्रोत, साधनमा पहुँचको सुनिश्चितता गर्ने खालको कृषक समूहको सञ्जाललाई नै काम गर्ने जिम्मेवारी दिईनुपर्दछ । यसले गर्दा जसको सवाल हो उसैले त्यसको समाधान गर्ने अधिकार र कर्तव्य प्राप्त गर्न सक्दछ । यी र यस्ता धेरै कार्यमा स्थानीय तहबाट विशेष गरी कृषि र कृषकका लागि गर्नुपर्ने कार्यहरु भोलीका दिनका लागि गर्न बाँकी छन्, जुन कार्यहरु नगरीकन सिंहदरवारको अधिकार गाउँ तहसम्म आएको अनुभूति गर्न सकिदैन ।

# बचतको अम्मली, सविता

✍ कमलराज राई
सहकारी प्रवर्द्धन सुपरभाइजर, सहमति/सफल-II

मृदुभाषी, सहयोगी र मेहनत सविता घिमिरे राईको परिचय हो । २०४८ साल पौष ११ मा खाँदबारी नगरपालिका-३ मानेभञ्ज्याङमा जन्मिएकी २६ वर्षीय सविता घिमिरे राईले वि.स. २०६६ सालमा मकालु गाउपालिका-२ सेदुवा निवासी श्री श्रेष्ट बहादुर राईसँग प्रेम विवाह गरेकी हुन् । १०+२ अध्ययनकै क्रममा अन्तरजातिय विवाह गरेकी सविताको विवाह लगत्तै २०६६ सालमा छोराको जन्म भयो । परिवारका सबै सदस्यहरुले अन्तरजातिय विवाह स्वीकारे पनि जन्म दिने आमाले अहिले सम्म नस्वीकारेकीले उनी निकै दुखी रहेको सुनाईन् । तर सविता घिमिरे राईलाई हाल कुनै चिन्ता छैन, चिन्ता छ त केवल सहकारीको । आफू प्रत्यक्ष खटेर समय दिन नसके पनि सवितालाई आफू आवद्ध सहकारीलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने चिन्ता दिनै लागिरहेको बताउँछिन् । सहकारी स्थापना हुन अगाडि यस गाँउमा रहेका स-साना समुहहरुलाई एकिकृत गरी पछि साविक गा.वि.स भरीकै एउटै ठूलो वित्तीय संस्था बनाउने उद्देश्यले **श्री सेदुवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड**को दर्ता भएकोले सक्षम र सवल वित्तीय सँस्था बनाउन सबै लाग्नु पर्ने उहाँको सल्लाह छ ।

सहकारीमा आवद्ध भएपछि सविताको जीवनमा ठूलो परिवर्तन आएको छ । शुरुमा घरको आर्थिक अवस्था कमजोर भएको कारण आफू अरुको मेलापात गरी केही रुपैया कमाई घरको घरायसी खर्च टार्ने गरेको बताईन । विवाहपछि करिव ४ वर्ष जति सासुससुरासँगै बसेर घरव्यवहार चलाउदै बसेकी सविता अहिले छुट्टै घरव्यवहार गरी बसेकी छिन् । शुरुमा घरमा बुहारीको रुपमा घर व्यवहार चलाउन गाह्रो हुने ताजै अनुभव सुनाएकी सविताको जीवन शैलीमा हाल आएका परिवर्तन प्रत्यक्ष देख्न पाइन्छ । जुन परिर्वनको प्रमूख कारकको रुपमा उनी सहकारीलाई लिन्छिन् । सहकारीबाटै शुरुमा ४० हजार ऋण लिएर पसल शुरु गर्नु भएको उहाँले अहिले व्यवसाय विस्तार गर्नु भएको छ । पसलका अलवा उनी खाजा नास्ता पकाउने, बंगुर, कुखुरा तथा अन्य गाईभैसी समेत पाल्छिन् । जुन कामको लागि श्रीमान्को असाध्यै सहयोग मिलीरहेको बताउँछिन् । त्यसबाट पनि पर्याप्त आम्दानी भइरहेको बताउँछिन् । जसले गर्दा त्यतिखेरको अवस्थामा छोराको रु २०, आफ्नो र श्रीमान्को ५०/५० रुपैंयाले बचत शुरु भएको बचत यतिखेर उनी तीन जनाको **मासिक रु.२१,०००।- (एक्काइस हजार) बचत गर्छिन् ।** जसमा बच्चाको रु.७,०००।-, आफ्नो र श्रीमान्को नियमित रु ५००।-/५००।- र ऐच्छिक बचतमा मासिक रु,१३,०००।- जम्मा गर्छिन् । अहिले सविता सेदुवा साकोसको लागि नमुना बचत कर्ताको रुपमा पनि परिचित छिन् । बर्खरै सम्पन्न सँस्थाको पाँचौ वार्षिक साधारणसभाबाट उत्कृष्ट बचतकर्ताको रुपमा समेत सम्मानित र पुरस्कृत बनिसकेकी सविताले ऐच्छिक बचत २, ३ लाख पुगेपछि झिकेर अन्तै लगानी गर्छिन् । छोरालाई खादबारी सदरमुकाममा राखेर कक्षा २ मा अंग्रेजी विद्यालय पढाउदै गरेकी छिन् । रु.१,५०,०००।- पुगीसकेको बच्चाको बाल बचत भने उमेर पुगेर उच्च शिक्षाका लागि मात्र झिक्ने बताइन् । सहकारीमा यती धेरै मासिक बचत कसरी जम्मा गर्नुहुन्छ ? भन्ने प्रश्नमा उनी सबैभन्दा पहिलो मान्छेमा इच्छा शक्ति हुनपर्ने बताउनुहुन्छ । शुरुमा मैले ५०।- रुपैया गर्दा पनि उस्तै थियो, पछि रु. १००।-, रु.२००।- गर्दै उनले रु.४,०००।- सम्म पनि मासिक बचत गरे, यस्तै थियो, अहिले मासिक रु.२१,०००।- गर्दा पनि उस्तै छ भन्नुहुन्छ । अहिले उनि सहकारीलाई थोरै पैसा देखी धेरै रकम बनाउने ठाउँका रुपमा लिनुहुन्छ । बैक टाढा रहेकाले गाँउमा यस्तो वित्तीय सँस्था अति आवश्यक रहेको उनको भनाइ छ । सवितालाई सहकारीको नाफा, नोक्सान, सम्पत्ति, दायित्व लगायत सहकारीको खाता हेर्ने तरिका केही थाहा छैन् । तर उनी सहकारीलाई पूर्ण रुपमा विश्वास गर्छिन् । सहकारीमा आवद्ध हुँदाको बखत उहाँलाई सहकारी बारे केही थाहा रहेनछ । गाँउमा सहमति सँस्था र मर्सिकोर नेपालको साझेदारीमा सञ्चालित सफल-१ र २ परियोजना अन्तर्गत सञ्चालन भएको वित्तीय साक्षरता तालिम लिएपछि बल्ल बचत गर्ने तरिका सिकेकी थिइन् । त्यहि बेलादेखि सहकारीमा बचत गर्ने बानी बस्ने र त्यहि बचत रकम सस्तो ब्याजमा लिएर व्यवसाय गर्न सकिने भन्ने बुझेर सँस्थामा आवद्ध भई अगाडि बढेको उहाँले सुनाउनु भयो । शेयर, मासिक बचत, बाल बचत, खुत्रुके, ऐच्छिक बचत गरी यतिखेर सहकारीमा रु.३,५०,०००।- भन्दा बढी सविताको सम्पती छन् । **बचत आफ्नो लागि रहेछ, बचत गर्ने त नशा नै हुँदो रहेछ, यतिखेर म बचतको अम्मली भएकी छु जस्तो लाग्छ , सविताले थपिन् ।**



सवितालाई श्रीमान् श्रेष्टमानको पनि सहयोग ठूलो छ । सविताको परिवारमा सहकारीको माध्यमले एक पछि अर्को हुँदै क्रमशः परिवर्तन ल्याएको देखेपछि सबैजना उत्साहित भएका छन् । उहाँले आफ्नो परिवर्तनको श्रेय सहकारीलाई दिँदै भन्नु भयो, जुन यस सहकारीको प्रवर्द्धन गर्न मर्सिकोर नेपाल तथा सहमति संस्थाले धेरै महत्वपूर्ण सहयोग गरीरहेको छ म धेरै खुसी छु । पहिला पनि गाँउमा स-साना समुहहरु गठन गरी बचत गराउने यस्ता संस्थाहरु थुप्रै आए तर यस्ता आर्थिक रुपले सक्षम र दिगो सहकारी संस्था (वित्तीय संस्था) बनाउने संस्था आएनन् । यसको लागि धन्यवाद भन्दै सहयोगी संस्थाहरुको उच्च प्रशंसा समेत गरिन् ।

# 'सफल-२ परियोजनाको' परिकल्पना स्थानीय जनप्रतिनिधिहरूको दृष्टिकोण परिवर्तनबाट सम्भव छ ।

✍ रस्तधन राई
सहकारी प्रवर्द्धन अधिकृत, सहमति, सफल २, परियोजना, संखुवासभा

नेपालको पूर्वी पहाडी पाँचथर, ताप्लेजुङ्ग, तेह्रथुम, भोजपुर र सङ्खुवासभा गरी ५ जिल्लामा २०७३ साल असार महिनादेखि सहमति र मर्सिकोर नेपालको साझेदारीमा "***वित्तीय सेवा तथा जीविकोपार्जनमा दिगो पहुँच*** (सफल- २)" परियोजनाले बचत तथा ऋण सहकारी संस्थाहरुको संस्थागत विकास, सुशासनमा सुधार गर्न, बचतको विविधीकरण, बचत तथा शेयर रकम वृद्धि गरी सदस्यहरुलाई आयमूलक ऋण प्रवाहबाट जीविकोपार्जनमा टेवा पुऱ्याउने साथै संस्थाको कार्यक्षेत्रभित्रका सबै घरधुरीलाई समेटी स्थानीय सरोकारवालाहरुलाई सहकारी सम्बन्धि सकारात्मक सोच तथा व्यवहारमा परिवर्तन ल्याउने मूल ध्येय लिई कार्यक्रम सञ्चालन भएको ९ महिना पूरा भएको छ ।

यस परियोजनाले संसारको होचो अरुण उपत्यका, संसारकै पाँचौ अग्लो मकालु हिमाल, मकालु बरुण राष्ट्रिय निकुञ्ज, अलैंची तथा रुद्राक्षाको भण्डारको रुपमा परिचित सङ्खुवासभा जिल्लाको साविकको ३३ गा.वि.स. १ नगरपालिकामध्ये २२ वटा गा.वि.स.का २५ प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरुमा सहजिकरण गरिरहेको छ । मर्सिकोर नेपालको साझेदारीमा प्रोमिस र सफल-१ परियोजना अगाडि नै सञ्चालन भईसकेको थियो । सो परियोजनाले जिल्लामै सुस्ताएको सहकारी अभियानलाई व्युझाउने कार्य गरेको थियो । सफल-२ परियोजनाले कार्यालय नियमित रुपमा खोल्ने, खुत्रुके बचत, जीवन सुरक्षा बचत, ८ वटा संस्थाको व्यवसायिक योजना तयारी, पारदर्शी रुपमा नियमानुसार लेखा राख्ने, बचत तथा ऋण निति संसोधन, नेपाल राष्ट्र बैंक ग्रामीण स्वावलम्बन कोषबाट सुलभ व्याजदरमा ऋण माग फाइल पेश, शेयर रकम वृद्धि गर्ने साथै सहकारी शतप्रतिशत घरधुरी आवद्धता गर्ने अभियानमा सहजीकरण गरी केहि उपलब्धिहरु हासिल गरिसकेको छ ।



यी अभियानहरु सहकारी संस्थाहरुले संचालन गरीरहँदा राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, समाजसेवी, शिक्षक बुद्धिजिवी, सरोकारवाला संघसंस्थाहरुलाई बल्ल सहकारी संस्थाहरुले पनि साँच्चै राम्रो काम पो गर्छकी के हो भनेर अहिले चासो राख्न थालेका छन् । यो अवस्थालाई हेर्दा सरकारको तर्फबाट पनि सहकारीलाई प्रोत्साहन गर्ने प्रकृतिका कार्यक्रमहरु ल्याउन नसकि टुहुरा अवस्थामा छोडेको छ । यसर्थ पनि सहकारीतर्फ हेर्ने दृष्टिकोणमा सुधार हुन निक्कै कठिन भएको अवस्था देखिन्छ । सम्पूर्ण व्यक्ति तथा निकायहरुको वोलिमा आर्थिक क्रान्ति गरी जीवनस्तर गर्ने रहे पनि व्यवहारमा आफूले आफ्नो गाउँ तथा क्षेत्रमा रु.१००।- नियमित बचत गर्न सम्म हिचकिचाएका छन् भने कसरी आर्थिक उन्नती हुन्छ अर्थात् आत्मनिर्भरको सुरुवात हुन्छ । आत्मनिर्भर हुनको निम्ति स्थानीय बासिहरुको सहभागितामा सहकारीको माध्यमबाट सम्भव छ भन्ने कुरा प्रमाणित गरेर देखाउन खुल्ला दिसामुक्त क्षेत्र घोषणा अभियानजस्तै अनिवार्य सहकारीमा आबद्धता हुनै पर्ने अभियान संचालन गर्न आवश्यकता छ ।

अव बन्ने संरचनाअनुसार बन्ने स्थानीय जनप्रतिनिधिहरुले सहकारीलाई भित्रै देखि बुझ्ने प्रयास गरी अभियानको रुपमा गाउँपालिका, नगरपालिकामा थोपा थोपा मिलेर समुन्द्र बन्छ भने झै, कम्तिमा रु.१००।- नियमित बचत संकलन गरी करोडौको कारोबार गरी उत्पादनमूलक कृषि तथा पशुपालन क्षेत्रमा लगानी गरी "**सफल-२ परियोजनाले**" परिकल्पनाझै जीविकोपार्जनमा दिगो पहुँच पुऱ्याउने छ र परनिर्भर नभई आत्मनिर्भर हुन ज्वलन्त उदाहरण सावित हुनेछ ।

## उत्थानशिल.......

- विमा संस्थान र सेवा प्रदायक कम्पनीहरुले बाढी प्रभावित क्षेत्रका किसान, समुदाय लक्षित आकर्षक विमा योजनाका कार्यक्रम ल्याउन नसक्नु ।

विपद् र यसको न्यूनिकरणमा विमा कार्यक्रम एक महत्वपूर्ण र अत्यावश्यक कार्यक्रम हो किनभने विपद्बाट जोगिन सकिन्छ तर यसलाई रोक्न भने कमै मात्र सकिन्छ र अर्को पशु विपद् कुन वेला, कसरी आउँछ भन्ने कुरा पनि निश्चित नभएकोले हामीले गर्न सक्ने भनेको विपद्को सामना हामी कसरी गर्न सक्छौ ? हाम्रो सामना गर्ने क्षमता कति छ ? हाम्रा स्रोत साधन र हामीले गरेका कुराहरुले विपद्को बेलामा हामीलाई कतिको सहज हुन्छ भन्ने कुरा महत्वपूर्ण रहेको छ। विपद्को बेलामा आत्तिनु वा पछुताउनु भन्दा यसलाई सामना र न्यूनिकरणको विभिन्न उपायहरु हामी कसरी गर्न सक्छौ वा सक्दैनौ भन्ने कुरा महत्वपूर्ण रहेको छ ।

त्यसैले विपद् र त्यस पश्चात् आईपर्ने संकटलाई टार्न विमाले धेरै सहयोग गर्ने भएकोले स्थानीय निकाय, गैर सरकारी संस्था र विपद् व्यवस्थापनमा कार्य गर्ने सबैले संकटासन्न समुदायलाई विमा सम्बन्धी जनचेतना अभिवृद्धि गरी सबैले आफ्नो जिउ, धन, वाली, पशु र स्वास्थ्य विमा गर्ने र गराउन सकेमा उत्थानशिल समुदाय निर्माण गर्न सकिन्छ ।

# सरोकारवाला सहयोगी निकायसाग सम्पर्क, समन्वय र सेवा लिनमा अव्वल नारी साकोस

✍ केशर राई

सहकारी प्रवर्द्धन अधिकृत, सहमति, सफल २, परियोजना, ताप्लेजुङ



महिलाहरुको अग्रसरतामा महिलाहरुको आर्थिक सामाजिक र सांस्कृतिक विकासको लागि ताप्लेजुङ जिल्लाको थुकिमा गाविसमा २०२९ वैशाख ८ गते नारी वचत तथा ऋण सहकारी संस्था लि. स्थापना भएको हो । यस साकोसमा महिलाहरु मात्र आवद्ध हुन पाउने विनियममा उल्लेख भएअनुसार थुकिमा गाविसका ९ वटै वाडका महिलाहरु आवद्ध रहेका छन् ।

स्थापना भएको छोटो समयमा नै यस साकोसले वित्तिय कारोवार लगायत संस्थागत विकास र सरोकारवाला निकायहरुसँग राम्रो सम्पर्क, समन्वय र सम्वन्ध विकास गरेको छ । नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) र मर्सिकोर नेपालसँगको साझेदारीमा सञ्चालित अनौपचारिक क्षेत्र सुरक्षा सञ्जाल संरक्षण तथा मुल प्रवाहीकरण (प्रोमिस) परियोजनाको प्राविधिक सहयोगमा स्थापना भएको यस साकोसले विस्तारै फड्को मार्दै हाल आएर संस्थाको आन्तरिक व्यवस्थापन मात्र नभएर वाह्य सहयोगी निकायसँग सेवा लिनको लागि आफूलाई सक्षम वनाई सकेको अवस्था छ ।

यस साकोसलाई स्थापना भएपछि हालसम्ममा महिला तथा वालवालिका कार्यालय ताप्लेजुङ, गाउँविकास समितिको कार्यालय-थुकिमा, घरेलु तथा साना विकास कार्यालय-ताप्लेजुङ मार्फत शेयर सदस्यहरुको आर्थिक, सामाजिक, मानवीय विकास लगायत ज्ञान, सीप र अन्य सेवाहरु पाउन सफल भईसकेको छ । शुरुमा महिला तथा वालवालिकाकार्यालयवाट गाविसका सम्पूर्ण महिलाहरुलाई समेटेर साकोसमा आवद्ध हुनलाई सहयोग गरेको थियो । साथै साकोसले महिला विकास कार्यालयको न्यून व्याजदर २ प्रतिशतमा १ लाख ऋणलिई साकोसका शेयर सदस्यहरुलाई विभिन्न शिर्षकमा ऋण प्रवाह गरेको छ । प्रवर्द्धित संस्था र परियोजनासँग मात्र सेवा लिनमा सीमित नभई यस साकोसले विस्तारै आ.व. ०७१/०७२ को थुकिमा गाउँ परिषद्बाट साकोसलाई कार्यालय सञ्चालनार्थ ल्यापटप र फोटोकपि मेशिन खरिदको लागि रु. १ लाख अनुदान प्राप्त भई हाल साकोसले दैनिक कार्यालय सञ्चालनार्थ प्रयोजन गरिरहेको छ । त्यस्तै गरी आ.व.७२/७३ मा गाविस थुकिमाको महिला लक्षित वजेट अन्तर्गत रु.१,२७,०००।- र महिला विकास कार्यालय-ताप्लेजुङको रु.९०,०००।- अनुदानवाट साकोसले प्रत्येक वाडका निम्न आय भएका २७ महिला शेयर सदस्यका घरपरिवारलाई आयआर्जनको लागि वंगुरपालन सहयोग भएको थियो । यस चालु आ.व. मा साकोसले पून गाविस थुकिमाको महिला लक्षित कार्यक्रम अन्तर्गतको रु.२,१८,०००।- वजेट विनियोजन भई थप घरेलु तथा साना उद्योग कार्यालयले रु.८२,०००।- अनुदान सहयोग भई गाविसको ९ वटै वार्डका १३ जना शेयर सदस्यहरुलाई ३ महिने सिलाईकटाई तालिम सञ्चालन गरिरहेको छ । सो तालिमको लागि घरेलु तथा साना उद्योग कार्यालयसँगको सहकार्यमा मेशिन खरिदको लागि आर्थिक सहयोग गरेको साकोसका अध्यक्ष कल्पना देवि सिटौलाले वताए । थुकिमा गाविसका सचिव वसन्त नेम्वाङका अनुसार गाविसको हरेक आर्थिक वर्षको महिला लक्षित कार्यक्रम नारी साकोससँगको साझेदारीमा गर्दा अत्यन्तै प्रभावकारी भईरहेका हुनाले साकोससँगको सहकार्य दिगो एवम् निरन्तर भइरहेको वताउनु हुन्छ । ९ वटै वार्डका अधिकंश घरका महिला सदस्य रहेको हुनाले पनि गाविसको कार्यक्रम कार्यान्वयनमा सहज भईरहेको वताउँछन् । साकोसको वित्तिय कारोवार मात्र नभएर आन्तरिक व्यवस्थापन पनि व्यवस्थित भएकोले यस संयन्त्रलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्ने उनी वताउँछन ।

साकोसले सम्पर्क समन्वय, सम्वन्ध विस्तार र सेवा सरकारी तथा गैह्र सरकारी कार्यालयसँग मात्र नभएर आफू सम्वद्ध विभिन्न संघ, संजालमा समेत आवद्द रहेको अध्यक्ष सिटौला वताउँनुहुन्छ । साकोसले विषयगत जिल्ला वचत तथा ऋण सहकारी संघ लिमिटेड-ताप्लेजुङ, नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) र जिल्ला सहकारी संघ लि.-ताप्लेजुङमा पनि सदस्य भई संस्थाको संजाल तथा सम्बन्ध दह्रो वनाएको छ । संस्थाको प्रतिनिधित्व गर्दै जिल्ला वचत तथा ऋण सहकारी संघ लि.-ताप्लेजुङको कार्यकारीणी उपाध्यक्षमा समेत प्रतिनिधित्व जनाएको छ । यस साकोसको अध्यक्ष कल्पना देवि सिटौलाले सो जिम्मेवारी वहन गरिरहेको छ । जिल्ला सहकारी संघ, जिल्ला वचत तथा ऋण सहकारी संघ, नेफ्स्कून लगायत महिला विकास कार्यालयले नेतृत्व विकास लगायत सहकारी सम्बन्धी, अन्य विषयगत तालिम/गोष्ठि र अनुगमन सुपरिवेक्षण गरी निरन्तर साथ सहयोग भईरहेको संचालक समितिका पदाधिकारीहरु बताउँछन । संस्थाका व्यवथापक सञ्जमाया तामाङका अनुसार २ वर्ष अगाडी जिल्ला वचत तथा ऋण सहकारी संघ-ताप्लेजुङ र मर्सिकोर नेपाल बिचको साझेदारीमा सञ्चालित सफल परियोजनाको सहयोगमा २६ दिने वित्तिय साक्षरता कक्षा सञ्चालनले पनि धेरै शेयर सदस्यहरु वित्तिय ज्ञान सीप प्राप्त गरेका छन् । स्थापनाको छोटो समयमा नै साकोसले आफ्नो सरोकारवालासँगको सर्म्पक, समन्वय, सम्वन्ध र सेवा लिन सक्ने क्षमता विकास गरिसकेको यस साकोसले आफ्नो मुख्य वित्तिय कारोवारलाई सोहि गतिमा अगाडी बढाईरहेका छन् । हाल साकोसको वासलत जम्मा ३८ लाख माथि पुगेको छ । शेयर सदस्य ५०० माथि रहेको छ । हाल साकोसको आन्तरिक व्यवस्थापन र सुशासनको पाटोमा सहमति र मर्सिकोर नेपालको साझेदारीमा सञ्चालित सफल-२ परियोजनाले आवश्यक सहयोग गरिरहेको छ ।

# तथ्याङ्कमा सहमति

| क्र. सं | कार्यक्रमको नाम | साझेदार संस्था | कार्यक्षेत्र | | लाभान्वित घरधुरी | लाभान्वित संख्या | | | | | | कर्मचारी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जातियताको आधारमा | | | | लिङ्ग र बर्षको आधारमा | | | |
| | | | कार्यरत जिल्ला | कार्यक्रमले समेटेको स्थानिय निकायहरु | | दलित | जनजाति | अन्य | जम्मा | महिला | युवा | महिला | पुरुष |
| १ | जिविकोपार्जन तथा सशक्तिकरण कार्यक्रम | अक्सफाम | नवलपरासी | बुलिङ्गटार गाउँपालिका-३,४,५,६<br>बुड्िकाली गाउँपालिका-१,४,५,६<br>गैंडाकोट नगरपालिका-१०,११,१२,१३ | ३९०२ | ७११ | ३४६६ | ६९६ | ४८७३ | ३८९३ | २३३५ | - | ३ |
| २ | वित्तिय सेवा तथा जिविकोपार्जनमा दिगो पहुँच (सफल-२) | मर्सिकोर नेपाल | पाँचथर, ताप्लेजुङ्ग, तेह्रथुम, संखुवासभा र भोजपुर | साविकका १२८ गा.वि.स र हाल ३६ स्थानिय निकायहरु | ८२६२४ | ४७३४ | ४३८४० | १८३३५ | ६७१८५ | ४२८७४ | २४३११ | ७ | १३ |
| ३ | वाटर विन्डो नेपाल भारत सीमा उत्थानशिल समुदाय परियोजना | लुथरन वर्ल्ड रिलिफ | नवलपरासी | विनय त्रिवेणी गाउँपालिका, सुस्ता गाउँपालिका, प्रतापपुर गाउँपालिका, सरावल गाउँपालिका | ५२९३ | २४५० | १५३१३ | १२८६३ | ३०६२६ | १४९४२ | १५६८४ | २ | ४ |
| ४. | स्वावलम्वी समूह तथा सहकारीको क्षमता अभिवृद्धि कार्यक्रम. | प्लान इन्टरनेशनल नेपाल | बर्दिया | बासगढि नगरपालिक( बेलुवा, मोतिपुर र देउडाकला), मधुवन नगरपालिका( सुर्यपठुवा, ताराताल, सानोश्री र ढोडरी), राजापुर नगरपालिक - खैरिचन्दनपुर, दौलतपुर, नयाँगाउँ, बादलपुर, राजापुर, भिमापुर, मनपुरतापरा, ठाकुरवावा नगरपालिका - नौलापुर, बगनाहा, शिवपुर, ठाकुरद्वार), बारवर्दिया नगरपालिका(ढडवार, मगरगढि, पदनाहा, बनियाभार), गुलरिया नगरपालिका(महम्मदपुर, गुलरिया), बधयाताल गाउँपालिका( कालिका, सोरहवा),. गेरुवा गाउँपालिका( पतभार, पशुपतिनगर, मनाउ) | १५६४४ | १५४३ | १३७२३ | १९९५ | १७२६१ | १३०२१ | ४२४० | ४ | ४ |
| ५ | अमिलो जातका फलफूलहरुको बजार विकास कार्यक्रम-IV | लुथरन वर्ल्ड रिलिफ | नवलपरासी, तनहुँ, गोर्खा | नवलपरासी-बुड्िकाली, बुलिङ्गटार गाउँपालिका<br>तनहुँ-आबुखैरेनी, बन्दीपुर र देवघाट गाउँपालिका<br>गोरखा-सहिद लन गाउँपालिका, गोरखा नगरपालिका र पालुङ्गटार नगरपालिका | कार्यक्रम शुरुवातको अवस्थामा रहेको । | | | | | | | ३ | ३ |
| ६ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर | चितवन | भरतपुर महानगरपालिका, राप्ती नगरपालिका, खैरहनी नगरपालिका, माडी नगरपालिका, कालिका नगरपालिका, रत्ननगर नगरपालिका, इच्छाकामना गाउँपालिका | कार्यक्रम शुरुवातको अवस्थामा रहेको । | | | | | | | ८ | २ |
| ७ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | उद्योग विकास शाखा, परासी | नवलपरासी | देवचुली नगरपालिका, बुद्धीकाली गाउँपालिका, प्रतापपुर गाउँपालिका, पाल्हिनन्दन गाउँपालिका | | | | | | | | ८ | २ |
| ८ | केन्द्रिय कार्यालय | आन्तरिक | नवलपरासी | | | | | | | | | २ | ५ |
| जम्मा | | | | | १०७४६३ | ९४३८ | ७६३४ | ३३८८९ | ११९९४५ | ७४७३० | ४६५७० | ३४ | ३६ |

# कार्यक्रमका मुख्य उपलब्धिहरू

## जीविकोपार्जन तथा सशक्तिकरण कार्यक्रम

सन् २००५ मार्चदेखि सहमति तथा अक्सफाम हङकङसँगको साझेदारीमा ग्रामीण स्वावलम्वन प्रयासहरुको प्रवर्धन (समुन्नति) कार्यक्रमको नामबाट सन् २०१५ मार्चसम्म निरन्तर सञ्चालनमा रह्यो । हाल सन् २०१५ अप्रिलदेखि अक्सफाम GB सँगको साझेदारीमा जीविकोपार्जन तथा सशक्तिकरण कार्यक्रम सञ्चालन भइरहेको छ । कार्यक्रमको लक्ष्य "गरिवी तथा उत्पिडन न्यूनिकरणका लागि खाद्य र आयको सुरक्षामा जोड दिँदै लक्षित समुदायको विकासमा सहभागिता वृद्धि गर्दै उनीहरुको संकटासन्नता न्यूनिकरणद्वारा सम्पन्नता अभिवृद्धिमा योगदान पुऱ्याउने" रहेको छ । अन्य कार्यक्रमगत मूख्य विषयमा भने ठूलो अन्तर रहेको छैन ।

- ८ वटा सहकारी संस्थामा कुल पूँजी ६७,७३३,४९६।- रुपैंया पुगेको छ भने सो मध्ये ६,०२,२६,८०४।- रुपैंया विभिन्न आयआर्जनको कार्यमा लगानीमा रहेको छ ।
- सबै ८ वटा सहकारी संस्थाहरुमा जम्मा ४,८७३ जना शेयर सदस्य पुगेका छन् भने ३,८९३ जना महिला र ९८० जना पुरुष सदस्य रहेका छन् ।
- २ वटा एकिकृत शत्रुजिव व्यवस्थापन (IPM) तालिम १६ हप्ता सञ्चालन भई ५० जना कृषकहरु क्षए: प्रविधिबाट खेती गर्ने ज्ञान सिप प्राप्त छन् ।
- यस ६ महिना अवधि (July-Dec.) मा वेमौषमी खेती गर्ने कृषक ३९१ जना, जैविक मल विषादी प्रयोगकर्ता कृषक १६७ जना र नयाँ र सुधारिएको उन्नत विउविजन प्रयोगकर्ता कृषक १,९८० जनाले बढेको छ र प्लाष्टिक टनेलमा व्यवसायिक टमाटर खेती गर्ने कृषक ७८ जना छन् ।
- यस अवधि (व्ाथि(म्भअभ्रदभच) सम्ममा ३०% ले आफ्नो विभिन्न खेतीवालीको उत्पादन वृद्धि भएको बताउने कृषक संख्या जम्मा ८०२ जना रहेका छन् ।
- कुल कृषि प्राविधिकद्धारा सेवा पुऱ्याईएको घरधुरी ६५७ पुगेको छ ।
- नमूना प्लट खेतीमा संलग्न कृषक संख्या १६१ जना रहेका छन् ।
- वंगुरको उन्नत जातका पाठापाठी पालनमा संलग्न कृषक ४५ जना छन् ।
- साना सिञ्चाई कुलो मर्मत कार्यबाट लाभान्वित कृषक घरधुरी ७६ छ भने ४१०.२१ रोपनीमा पुन सिञ्चाई पुगेको छ ।
- कुल ८ वटा महिला सशक्तिकरण केन्द्र सञ्चालित छ, जसमा २४१ महिला छलफल/सिकाईमा आवद्ध छन् । जसमध्ये ५६ जना दलित, १७१ जना जनजाती र १४ जना अन्य जातिका महिला रहेका छन् ।

## नेपाल भारत सीमा बाढी उत्थानशील परियोजना

नवलपरासी जिल्लाको दक्षिणी भेगका बाढी प्रभावित ९ वटा साविक गाविस (त्रिवेणी सुस्ता, रुपौलिया, भुजहवा, सोमनी, गुठी प्र्सौनी, पक्लिहवा,

नर्सही, कुडिया र प्रतापपुर) लाई लक्षित गरी सहमति र लुथरन वर्ल्ड रिलिफको साझेदारीमा नेपाल भारत सीमा उत्थानशील परियोजना सञ्चालनमा छ । वर्षेनी नारायणी नदीले पुऱ्याउँदै आएको मानवीय तथा भौतिक क्षति न्यूनिकरणका लागि तथा संकटासन्नता क्षेत्रमा बसोबास गर्ने समुदायको संकटाभिमुखता न्यून गर्नु तथा सिमान्तकृत समुदायको क्षमता अभिवृद्धि गरी बाढीको सामना गरी जीवन रक्षा गर्न सक्ने, आवश्यकता अनुसार तुरुन्तै प्रतिकार्य गर्न सक्ने बनाउनु नै यो परियोजनाको मुख्य लक्ष रहेको छ ।

- समुदायका गाविसहरुमा जोखिम न्यूनिकरण ज्ञान र विपदमा सामना गर्ने क्षमता वृद्धि ।
- पूर्व सूचना प्रणाली स्थापना भई संस्थागत भएका छन् ।
- बाढी प्रभावित क्षेत्रको समुदायमा जिविकोपार्जनका स्रोतमा पहुँच वृद्धि ।
- समुदायको वित्तिय सेवामा पहुँच ।
- विमा सम्बन्धी ज्ञानमा अभिवृद्धि भएको ।

### वित्तिय सेवा तथा जिविकोपार्जनमा दिगो पहुँच (सफल-२)

सहमति र मर्सिकोर नेपालको साझेदारीमा २०१६ देखि नेपालका पूर्वी ५ वटा पहाडी जिल्ला क्रमशः संखुवासभा, भोजपुर, तेह्रथुम, पाँचथर र ताप्लेजुङमा स्थापना भएका १३४ वटा सहकारी संस्थाहरु र जिल्ला बचत तथा ऋण सहकारी सघंहरुको संस्थागत क्षमता अभिवृद्धि गरी संलग्न सदस्यहरुको वित्तिय सेवा तथा जिविकोपार्जनमा दिगो पहुँच पुऱ्याउने अभिप्रायले यस कार्यक्रम सञ्चालन भईरहेको छ । यसै गरि यस परियोजनबाट ५ वटा जिल्लामा रहेका १३४ सहकारीहरुलाई विभिन्न तालिम, गोष्ठि, फर्निचर सहयोग, कम्प्युटर, सफटवयेर,सेफ बक्स र वित्तिय साक्षरता कक्षा जस्ता कार्यक्रमहरु गरी सहकारी संस्थाको संस्थागत विकासमा सहयोग गरिरहेको छ ।

यस परियोजनाको मुख्य उद्देश्यहरु सहकारी संस्थाहरुको संस्थागत क्षमता विकासमा सहयोग पुऱ्याउने, जिल्ला बचत तथा ऋण सहकारी सघंको क्षमता विकास गरी सहकारीका सदस्यहरु माझ अन्तर लगानी ऋण, स्थानिय स्तरमा दक्ष जनशक्ति विकास गर्ने र औपचारिक वित्तिय सेवामा पँहुच पुऱ्याउन वित्तिय साक्षरता अभियान संचालन गर्ने रहेको छ । औपचारिक वित्तिय सेवा र जिविकोपार्जनमा पहुँच वृद्धि गरी गरिवि न्यूनिकरणमा सहयोग पुऱ्याउने लक्ष्य राखेको छ ।

- सहकारीमा लेखा र सुशासन सम्बन्धि प्राविधिक छलफल गर्दा सहकारीमा देखिएका समस्याहरु र सुधार गर्नुपर्ने विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न । सहकारीको लेखा राख्ने प्रक्रिया, चार खाता र सहायक खाता नमिलेका विषयमा छलफल गरी सुधारको लागि सल्लाह सुझाव प्रदान। सहकारीको कारोवार, भाखा नाघेको ऋण र सदस्य विस्तारको लागि आवश्यक रणनीति वनाई घरदैलो कार्यक्रम सम्पन्न ।
- सहकारी सचेतना र वित्तिय साक्षरता कक्षाबाट सहकारीमा सदस्यहरुको वृद्धि भई निस्कृय सदस्यहरु समेत सहकारीमा बचत गर्न थालेको ।
- सहकारीहरुले सञ्चालक समितिको वैठकमा नियमित रुपमा संस्थाको कारोवारको विवरण व्यवस्थापकले प्रस्तुत गरी त्यस उपर छलफल गर्ने गरेको ।
- सहकारीहरुको कारोवार र आवश्यकता पहिचान गरी सहकारीहरुको व्यवसायीक योजना निमार्ण र त्यसमा नियमित छलफल गरी सहकारीहरुको कारोवारमा सुधार आएको छ ।
- सहकारीहरु सहकारीको ऐन, मापदण्ड, विनियम र बचत तथा ऋण निति अनुसार सहकारीको कारोवार गर्नु ।
- पशु विमा कार्यक्रम सञ्चालन गरिएको ।
- सखुंवासभाको साविक धुपु, पाँचथरको लुम्फावुङ, भोजपुरको आमतेक, चम्पे, याङपाङ र तेह्रथुमको चुहानडाँडा र ताप्लेजुङ्गका चाक्सिबोटे, डुम्रिसे, सिनाम, पेदाङ, मामांखे, सुरुङखिम, मेहेले र लिङखिम गाविसहरुका सवै घरधुरी सहकारीमा आवद्ध भएका छन् ।
- सहकारीहरुले सञ्चालक समितिको वैठकमा नियमित रुपमा संस्थाको कारोवारको विवरण व्यवस्थापकले प्रस्तुत गरी त्यस उपर छलफल गर्ने गरेको ।
- सहकारीहरु सहकारीको विनियम र बचत तथा ऋण निति अनुसार सहकारीको कारोवार गर्दै जानु ।
- थोक कर्जाको लागि कार्यशाला गोष्ठि आयोजना गरी राष्ट्र बैंकबाट थोक कर्जा माग गरिसकेको ।
- रेमिटान्सको कारोवारको सन्चालन ५ वटा साकोसले आवाश्वक प्रक्रिया पुरा गरेको ।

### स्वावलम्बि समूह तथा सहकारीको क्षमता अभिवृद्दि कार्यक्रम

सहमति र प्लान नेपालको साझेदारीमा जुन २०१७ देखि फेब्रअरी २०१८ सम्मका लागि बर्दिया जिल्लामा कार्यक्षेत्रमा अवस्थित २९ वटा महिला कृषि सहकारीहरु र त्यस अन्तर्गतका ५५३ समूह तथा १००३३ सदस्यहरु रहेको सहकारीहरुलाई आनो कार्यक्षेत्र बनाउदै यो कार्यक्रम सञ्चालन भईरहेको छ । सहकारी अभ्यासमा रहेकाले आधारभूत अवधारणा बुझाउने, आन्तरिक आर्थिक सवलिकरण गर्ने, व्यवस्थापन क्षमता वृद्दि गर्ने, सहकारीका लागि आवश्यक नितिहरु निमार्ण गर्ने, शुसाशन स्थापना गर्ने र सहकारीहरुको दिगोपनाका आधारहरु स्थापना गर्ने यो कार्यक्रमको उद्देश्य रहेको छ ।

- सहकारी शिक्षको व्यापकिकरण भएको ।
- सहकारीलाई समूदायले एउटा अभियानको रुपमा अगाडि बढाउदै लगेको ।
- सहकारी मापदण्ड बमोजिम लेखा व्यवस्थापकिय अभ्यासको शुरुवात गरिएको ।
- आन्तरिक पूँजि वृद्दिको महत्व महशुस गरी त्यसको अभ्यासमा लागिएको ।
- सदस्य, समूह र सहकारी संस्थाहरुमा व्यवसायिकरणको अवधारणालाई महत्वका साथ कार्यान्वयन गर्दै लगिएको ।

### अमिलो जातका फलफूलहरुको बजार विकास कार्यक्रम

अमिलो जातका फलफुलहरुको बजार विकास कार्यक्रम सहमति र लुथरन वर्ल्ड रिलिफबिचको साझेदारीमा सञ्चालित कार्यक्रम हो । यो कार्यक्रम यसअघि पहिलो, दोस्रो र तेश्रो चरणमा नवलपरासी र तनहुँ

जिल्लामा सफलतापूर्वक सम्पन्न भईसकेको छ भने हाल चौंथो चरणमा आएर गोरखा जिल्लासमेत थप गरी ३ जिल्लामा १ नोभेम्बर, २०१७ बाट पुन २ वर्षको लागि सुरु भएको हो । यस कार्यक्रमले मुल रुपमा कार्यक्षेत्रका अमिलो जातका फलफुल खेतीमा संलग्न ग्रामीण साना किसानहरुको जीविकोपार्जनको स्तर अभिवृद्धिका लागि कार्य गर्दछ ।

**गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, चितवन**

सहमति र घरेलु तथा साना उद्योग, भरतपुरको साझेदारीमा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम चितवन जिल्लाको भरतपुर महानगरपालिका, राप्ती नगरपालिका, खैरहनी नगरपालिका, माडी नगरपालिका, कालिका नगरपालिका, रत्ननगर नगरपालिका, इच्छाकामना गाउँपालिकामा पौष २०७४ बाट असार मसान्त २०७५ सम्म सञ्चालनमा रहनेछ । चितवन जिल्लाका सबै स्थानीय निकायका तोकिएका वडा तथा वस्तीहरुमा लक्षित समुदायका गरिवीको रेखामुनी रहेका व्यक्तिहरुमध्येबाट २०० जना लघु उद्यमीहरुको सिर्जना गर्ने र उनीहरुको जिवनस्तरोन्नती गर्ने लक्ष्य रहेको छ । यसमा विपन्न र अशिक्षित महिला सदस्यहरुको उपस्थिति उल्लेख्य रहनेछ ।

**गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, नवलपरासी**

नेपालमा परिवर्तित पछिल्लो संरचना र त्यो संरचना बमोजिम निर्माण भएका स्थानीय निकायहरु र भर्खरै मात्र निर्वाचित भएका जनप्रतिनिधिहरु र स्थानीय सरकारको समन्वय तथा सहकार्यमा नवलपरासी जिल्लाका तोकिएका स्थानीय तहका वार्ड तथा वस्तीहरुमा सामाजिक र आर्थिक रुपमा पछाडि पारिएका व्यक्तिहरुको लघु उद्यमको माध्यमबाट सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याउनु नै यस परियोजनाको उद्देश्य रहेको छ । यस कार्यक्रम सहमति र घरेलु तथा साना उद्योग, भरतपुरको साझेदारीमा नवलपरासी जिल्लाको देवचुली नगरपालिका, बुद्धीकाली गाउँपालिका, प्रतापपुर गाउँपालिका, पाल्हिनन्दन गाउँपालिकामा २०७५ असार मसान्तसम्म सञ्चालनमा रहनेछ । गरिवीको रेखामुनी रहेका लक्षित परिवारका नयाँ २०० जना लघु उद्यमीहरु सिर्जना गर्ने र विगत वर्षहरुमा सिर्जना भएकामध्ये २८५ जना उद्यमीहरुको स्तरोन्नती गर्ने कार्यक्रमको लक्ष्य रहेको छ ।

**सहज स्वास्थ्य सहकारी संस्था लि.**

- मिति २०७४ जेष्ठ १५ गते सहज सामुदायिक अस्पताल, किसान साकोस, सामाजिक विकास अनुसन्धान केन्द्र, गैडाकोट जेसिस र लायन्स क्लव अफ गैडाकोट मौलाकालिकाको संयुक्त आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न ।
- गुरु पुर्णिमाको अवसरमा सेवा निवृत शिक्षकहरुको नि:शुल्क स्वास्थ्य परिक्षण गर्ने निर्णय अनुसार २०७४ आषाढ २५ गते स्वास्थ्य शिविर सञ्चालन ।
- गैंडाकोट नगरपालिकाका प्रतिनिधिहरु, स्वास्थ्य संस्थाका प्रमुखहरु, स्वास्थ्य स्वयंसेविकाहरु, सहमति र सहज कार्यसमितिका पदाधिकारीहरु, पत्रकारहरु समेतको उपस्थितिमा घरदैलो प्राथमिक स्वास्थ्य सेवा सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन र
- हरेक महिनाको तेस्रो शुक्रवार स्कुल तथा बेडिङ्गका वालवालिकाको लागि नि:शुल्क परामर्श, हरेक तेस्रो शनिवार किशोरी तथा महिलाहरुमा हुने समस्याको वारे नि:शुल्क परामर्श तथा पोषणको बारेमा जानकारी हुने गर्दछ । त्यस्तै हरेक महिनाको २५ गते मधुमेह प्रभावित विरामीहरुका लागि पनि मधुमेह सम्बन्धी जानकारी तथा परामर्श कायक्रम सञ्चालन भईरहेको छ ।
- गैंडाकोट न.पा.-३ ढोडेनी र गैंडाकोट-१३ मट्टीकुरीमा २ वटा Satelite clinic र अन्य ठाँउमा ८ वटा Static clinic सञ्चालन अनुरुप मासिक रुपमा यो सेवा सञ्चालित छन् ।

**केन्द्रीय कार्यालय गतिविधि**

- सहमति र लुथरन वर्ल्ड रिलिफको साझेदारीमा अमिलो जातका फलफूलहरुको बजार विकास कार्यक्रम-क्ष नवलपरासी, तनहुँ र गोर्खा जिल्लामा पुन सञ्चालन ।
- संस्थाको १६ औं बार्षिकोत्सव तथा १९ औं बार्षिक साधारणसभा र सम्मान कार्यक्रम मिति २०७४ मंसिर ५ गते भव्यताका साथ सम्पन्न ।
- संस्थाको गरिमामय साधारण सभा तथा सम्मान कार्यक्रममा सहमति व्यक्तित्वको रुपमा श्री प्रेम सागर सुवेदीज्यू एवं उत्कृष्ट कर्मचारीहरुको तर्फबाट श्री डिल्लीराज पौडेल र श्री मनमाया बोटे सम्मानित एवं पुरस्कृत हुनुभएको छ ।
- सहमति र घरेलु तथा साना उद्योग कार्यालय, भरतपुरको साझेदारीमा चितवन जिल्लाका ७ वटा स्थानीय निकायमा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको शुरुवात ।
- सहमति र उद्योग विकास शाखा, परासीको साझेदारीमा नवलपरासी जिल्लाको देवचुली नगरपालिका, बुद्धीकाली गाउँपालिका, प्रतापपुर गाउँपालिका र पाल्हिनन्दन गाउँपालिकामा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको शुरुवात ।
- संस्थाको कार्यालय भवनको भित्री तथा बाहिरी भागहरुमा रंगरोगनको कार्य सम्पन्न ।
- संस्थाको आवास क्षेत्रमा तातो-चिसो पानीको व्यवस्थाको लागि सोलार सिष्टम जडान कार्य सम्पन्न ।
- साझेदार संस्था लुथरन वर्ल्ड रिलिफका पदाधिकारी एवं संस्थाका कार्यसमिति सदस्यहरु र सि.एम.डि.पि.-IV मा कार्यरत कर्मचारीहरु विच KIck off meeting संस्थाको केन्द्रिय कार्यालय, गैंडाकोटमा सम्पन्न ।
- इन्डियामा सम्पन्न वाटर विन्डो नेपाल भारत सीमा उत्थानशिल समुदाय परियोजनको :ष्मतभच च्भखष्भध ध्यचपकजयउ मा संस्थाका कोषाध्यक्ष श्री वेलप्रसाद पौडेलज्यू एवं त्यच कार्यक्रमका संयोजक श्री सुरेश पौडेलज्यूको सहभागिता ।

**सहमति अध्ययन केन्द्र :**

जम्मा दिन : ६३ (जेष्ठ देखि माघ सम्म)

जम्मा : ८०४ जना महिला : २६१ जना पुरुष : ५४३ जना

# हाल सञ्चालित कार्यक्रमहरूको फोटो झलक


नमूना कृषक पदम बहादुर पुलामी आफ्नो करेसावारीमा गोडमेलको काम गर्दै ।


व्यवसायिक योजना तर्जुमा गोष्ठीका सहभागीहरु, सुस्ता-पक्लिहवा ।


आस्था महिला सहकारी संस्थाका पदाधिकारीहरुलाई कम्प्युटर सेट हस्तान्तरण कार्यक्रम, त्रिवेणी-नवलपरासी


सहकारी लेखा व्यवस्थापन तालिम, गुलेरीया-बर्दिया


देउराली साकोसबाट व्यवसाय सञ्चालनका लागि ऋण लिँदै सदस्य, तेह्रथुम


सिद्ध पोखरी साकोसकी सदस्य श्री डिल कुमारी लिम्बु आफ्नो वंगुरपालन व्यवसायमा गर्दै ।


उद्यमशिल विकास तालिमको प्रशिक्षक कार्यक्रम, बाँसगढी-बर्दिया ।


समुह व्यवस्थापन तालिममा प्लानका प्रतिनिधिद्वारा शुभकामना मन्तव्य प्रदान गर्दै ।


समूह छलफलका सहभागीहरु, संखुवासभा ।


समूह छलफलका सहभागीहरु, तेह्रथुम ।


आई.पि.एम.तालिमका सहभागीहरु प्रत्यक्ष फिल्डमा गई प्रशिक्षण गर्दै, राईकोट-नवलपरासी


नमूना साकोसकी व्यवस्थापक बचत संकलन गर्दै, तेह्रथुम ।


केरा खेतीको अवलोकन गर्दै संस्थाका पदाधिकारीहरु, गुठीप्रसौनी-नवलपरासी


सृजनशिल बचत तथा ऋण सहकारी संस्थामा मासिक बचत गर्दै, संखुवासभा ।


आफ्नो कुखुरा व्यवसायमा संलग्न हुँदै गीता सुनार, ताप्लेजुङ्ग ।

# हाल सञ्चालित कार्यक्रमहरूको फोटो झलक



संस्थाको १६ औं बार्षिकउत्सव तथा १९ औं बार्षिक साधारण सभामा गैंडाकोट नगरपालिका मेयर तथा संस्थाका अध्यक्षद्वारा कार्यक्रमको उद्घाटन गर्नुहुँदै ।



संस्थाको १६ औं बार्षिकउत्सव तथा १९ औं बार्षिक साधारण सभाको फोटो झलक ।



संस्थाका संस्थापक अध्यक्ष, पूर्व अध्यक्ष, निर्वतमान अध्यक्ष एवं वर्तमान अध्यक्षहरु सामुहिक फोटो खिचाउँदै ।



तरकारी खेतीमा संलग्न कृषक इन्द्रहाङ्ग पालुङ्गवा, ताप्लेजुङ्ग ।




नवलपरासी जिल्लाका बाढी प्रभावित परिवारलाई राहत वितरण कार्यक्रममा खाद्यान्न लग्दै पीडित समुदायका व्यक्ति-सुस्ता-कुडिया ।



मिथुकरमका एक कृषक आफ्नो बारीमा नहरबाट सिञ्चाइ गर्दै



महिला सहभागिता-जलाधार परियोजना, कृतिपुर ।



उत्सव महिला सहकारीको साधारण सभामा संलग्न महिलाहरु, राजापुर, बर्दिया ।



नमूना कृषि अभ्यास गर्दै, राइकोट-५ का कृषिकहरु ।

**प्रेषक**

**सहमति**
गैंडाकोट–५ नवलपरासी
फोन नं.: ०५६-५०२०९०
E-mail:sahamati@wlink.com.np
Website : www.sahamati.org

**प्रापक**

टिकट